जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ३०७ • २०८२ साल चैत २३ गते सोमबार (6 April, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मधेश प्रदेशमा भ्रष्टाचार रोक्न युवाहरुको माग

## २५ लाखसम्मको योजनाको उपभोक्ता, अर्थ सचिव महतो कमिसन सोहर्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको अर्थ मन्त्रालयले अग्रीम कमिसन लिएर २५ लाखसम्मको योजना उपभोक्ता मार्फत बिक्री गरिरहेको छ । प्रदेश सरकारले २५ लाखसम्मको बजेटको २० प्रतिशत रकम कटौती गरी बाँकी रकमको काम शिल्ड टेण्डरमार्फत गर्ने निर्णय विपरीत अर्थ सचिवले २५ लाख रुपैयाँसम्मको बजेटलाई बिना कटौती उपभोक्ता समिति मार्फत गराउन निर्देशन दिएको छ ।

रौतहट जिल्लाको पर्यटन विकास कार्यालयले सर्लाही जिल्लाको विष्णुपुर गाउँ पालिका वडा नम्बर ५ मा अवस्थित पकडीमा ब्रम्हस्थानको स्तरोन्नति तथा पर्खाल निर्माणका लागि उपभोक्ता समिति गठन गर्न पत्राचार गरिएको छ । सो योजनाको रकम २५ लाख रहेको पत्रमा उल्लेख छ ।


सरकारले गरेको निर्णय विपरीत अर्थ सचिव रामकुमार महतोले रकम लेनदेन गरी बजेट कटौती नगरी उपभोक्ता समिति मार्फत काम गराउन स्वीकृति दिएका छन् ।

तीन आर्थिक वर्षदेखि अर्थ मन्त्रालयमा कार्यरत्त सचिव महतोले कर्मचारी सरुवाका लागि दलाल नै खटाएको आरोप छ । योजनाहरुको अग्रीम कमिसन बुझाउनेहरुलाई तत्काल नै निकासा दिने गरिएको र अग्रीम कमिसन दिन आलटाल गर्नेको योजनाको बजेट होल्ड गरिएको आरोप लगाएको छ ।

बजेट निर्माणकै बखत केही ठेकेदारहरुले अग्रीम कमिसन दिएर योजनाहरु राख्न लगाएको भन्दै प्रदेश सभामा विरोध भएको थियो । अर्थ सचिवले तत्कालीन अर्थमन्त्री मार्फत प्रदेश सभामा छुट्टै र पीएलएमबीआईएसमा इन्ट्री गरिएको बजेट छुट्टै राखेका थिए । दुबै बजेटको रकम चार अर्ब भन्दा बढीको फरक रहेको थियो ।

सो विषयमा प्रदेश सभामा भारी बिरोध भएको थियो । लामो समय प्रदेशसभाको बैठक सो विषयमा अवरुद्ध भएको थियो । प्रदेश सभाले बजेटको छानबिन समिति गठन गरे पनि अर्थ मन्त्रालयले विवरण उपलब्ध नगराउँदा छानबिन नै अलपत्र परेको छ ।

अर्थ समिति महतो सर्लाही जिल्लाको कविलासी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत रहेको बेला आर्थिक अनियमितता गरेपछि पहिलो प्रदेश सभाको सांसद सञ्जय यादवले अपमानित गरेका थिए । महतोले त्यहाँ गरेको भ्रष्टाचारको विषयमा सांसद यादवले कारबाहीको माग गर्दै उनलाई त्यसो नगर्न सचेत गराएका थिए ।





अर्थमन्त्री महेश प्रसाद यादव आबद्ध रहेको जनमत पार्टीका सांसदहरुले समेत अर्थ मन्त्रालयमा भइरहेको अनियमितताको विरोध गरिरहेका छन् । मन्त्री यादवको कारण प्रदेशमा रहेको जनमत नेतृत्वको सरकार विघटन भएको र अर्थ मन्त्रालय सम्हाल्दा सिंगो पार्टीलाई नै धरापमा पार्ने आरोप सांसदहरुले लगाउन थालेका छन् ।

कमिसन असुलीका लागि विभिन्न दलालहरु खटाएका अर्थमन्त्री यादवले पनि बजेटको विरोध गरेका थिए । तर उनी स्वयं मन्त्री भएपछि धमाधम कमिसनमा सेटिंग गरिरहेका छन् ।

प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेटमा १७ अर्ब रुपैयाँ नपुग रहेको छ । चालु आर्थिक वर्षको ४६ अर्ब र ५८ करोडको प्रदेश सभाबाट स्वीकृत भएको छ ।

मधेश प्रदेशको बिनियोजन ऐन ,२०८२ को खण्ड ९ को दफा ४ को उपदफा ३ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ' भने उल्लेख छ ।

तर सो ऐनको खण्ड ९ को दफा १० को उपदफा २ मा 'यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी मन्त्रालयमा बजेट सूचना प्रणालीमा प्रविष्ट तथा विनियोजनमा भएको त्रुटि मधेश प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले जुनसुकै बखत सच्याउन सकिने छ' उल्लेख रहेको छ । सोही दफाको ३ मा 'यस ऐन बमोजिम कुनै सेवा र कार्यका लागि रकम बिनियोजन गर्दा प्रचलित कानुन बमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यरी विनियोजित रकम कानुन विपरीत विनियोजन भएको मानिने छैन' भने उल्लेख छ ।

अर्थ सचिवले चलाखीपूर्ण ढंगले दफा १० को २ र ३ उपदफा राखेको जानकारहरुले बताउँछन् । प्रदेश सभाले पारित गरेको बजेटमा अर्थ मन्त्रालयले जुनसुकै बेला चलखेल गर्न सक्ने उपदफा राखेर नीतिगत रुपमा नै भारी भ्रष्टाचार गर्ने तयारी बजेट निर्माण भएसँगै गरेको देखिन्छ ।

यता नेपाली कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारबाट जसपा नेपालबाट भएका मन्त्रीहरूलाई तत्काल राजीनामा दिन माग गरेका छन् । नेपाली कांग्रेस मधेश प्रदेशका सभापतिसमेत रहेका कृष्ण प्रसाद यादव नेतृत्वको मधेश प्रदेश सरकार दिशाविहीन, अराजक तथा अनैतिक कार्यहरू गरिरहेको आरोप लगाउँदै तत्काल सरकारबाट फिर्ता हुन जसपा नेपाल सम्बद्ध युवाहरुको एक समूहले माग गरेका छन् ।

यादव नेतृत्वको सरकारको हिस्सेदार नबनी सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न जसपा नेपालबाट मन्त्री भएकाहरुलाई दबाब दिँदै सात बुँदे माग समेत अघि सारेका छन् ।

प्रदेश र जनतालाई प्राथमिकतामा राख्नु पर्नेमा वर्तमान सरकारले पूर्ण रुपमा असफल भएको आरोप समेत उनीहरुले लगाएका छन् ।

## प्रदेश आर्थिक संकटमा फस्यो: अर्थमन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारको विभेदकारी नीतिको कारण मधेश प्रदेश सरकार आर्थिक संकटमा फसेको मधेश प्रदेश सरकारका अर्थमन्त्री महेश प्रसाद यादवले आरोप लगाएका छन् ।

आइतबार प्रदेश सभाको बसेको बैठकमा अर्थमन्त्री यादवले भने 'प्रदेश सरकारको बजेट घाटा भइरहेको कारण आर्थिक संकटमा फस्दै गएको छ । चालु आर्थिक वर्षमा संघीय सरकारको विभेद नितीको कारण लक्ष्य अनुसारको आय संकलन हुन नसक्दा १७ अर्बभन्दा बढी बजेट घाटा अनुमान गरिएकाले सरकारले बजेट कटौती गरेपनि स्वीकृत योजना चलाउने सक्ने अवस्था उत्पन्न भएको छ ।'

अर्थमन्त्री यादवले जसको मधेश प्रदेश सरकार नियन्त्रण नै गर्न सक्दै कार्यसम्पादनमा वायु प्रदुषण सम्बन्धी बुँदा नम्बर ९ र राष्ट्रिय वन क्षेत्रसम्बन्धी बुँदा नम्बर १० जस्ता कुरा राखेर वर्षैपिच्छे कार्यसम्पादनमा कमजोर देखाई अनुदान रकम कटौती गर्दै आएको आरोप लगाउँदै यस्ता बुँदा तत्काल खारेज गर्न माग गरे ।

उनले भने मधेश प्रदेश सरकारको मुख्य आयश्रोतको रुपमा बालुवा, ढुँगा र गिट्टी विदेश निकासी रहेको तर त्यसमा स्थानीय तहलाई अधिकार दिएर राजश्वको केही अंशमात्र दिने जस्ता विभेदकारी नीतिको कारण आय संकलन कमजोर रहेकाले बालुवा, ढुँगा र गिट्टीको विदेशमा निकासीको अधिकार दिन माग दोहोर्‍याए ।

तर उनले आफ्नै मन्त्रालयमा भैरहेको भ्रष्टाचार ,कमिसनको कारण प्रदेशको आर्थिक अवस्था चर्मराउन थालेको विषयमा मुख खोलेनन् ।

## जसपा नेपाललाई ठूलो धक्का, युवा नेतृत्वको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभाको चुनावमा लज्जास्पद पराजय भोगेको जनता समाजवादी पार्टी(जसपा) नेपाललाई त्यो पीडा सेलाउन नपाउँदै अर्को ठूलो धक्का लागेको छ ।

पार्टीका महासचिव रामकुमार शर्माले आइतवार पदबाट राजिनामा दिएका छन् ।चुनावमा पार्टीको स्थिति शून्यम ाझरेकोमा उनी त्यसको नैतिक जिम्मेवारी लिदै राजिनामा गरेको उनले बताएका छन् ।



मधेश केन्द्रित दलहरुलाई एकजुट गर्ने वातावरण बनाउन उनले पार्टी अध्यक्ष उपेन्द्र यादवलाई राजिनामा दिएर युवालाई नेतृत्व हस्तांतरणगर्न आग्रह समेत गरेका छन् ।

जसपा नेपालको अध्यक्षमा यादव र संरक्षकमा महन्थ ठाकुर रहेका छन् ।'मधेश केन्द्रित सबै राजनीतिक दलको स्थिति चुनावमा शून्यमा झरेको छ ' उनले भने, त्यसकारण सबै दलका अध्यक्षहरुले राजिनामा दिएर युवाहरुलाई जिम्मेवारी दिनुपर्छ ।

युवाहरुले दलको नेतृत वगर्ने जिम्मेवारी पाए मधेशी दलहरुबीच एकिकरण गर्न सहज हुने उनले बताए ।'अध्यक्ष रहेकाहरुले पार्टीमा संरक्षक, सम्मानित नेताको भूमिकामा रहनु पर्छ' उनले भने, मधेशमा दलहरु एकिकृत हुनेमा पाका उमेर भएका अध्यक्षहरु नै बाधक छन् ।

केहि दिनदेखि मधेशमा रहेका दलहरुलाई एकिकृत गर्ने विषयमा सबै दलका दोस्रो पुस्ताका नेताहरुले छलफल चलाइरहेका छन् ।तर त्यसमा अध्यक्षहरुले चासो देखाएका छैनन् ।

दलहरुलाई एकीकरण गर्न सहज वातावरण बनाउनपनि पदबाट राजिनामा गरेको उनले बताए ।

## पतञ्जली जग्गा घोटालाका योजनाकार सिंहविरुद्ध थप दुई मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । पतञ्जली जग्गा घोटाला काण्डका योजनाकार शालिग्राम सिंहविरुद्ध दुईवटा भ्रष्टाचार मुद्दा दायर गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार उनीविरुद्ध दुई फरक कसुरमा कुल एक करोड १० लाख बिगो कायम गरेर मुद्दा दायर गरेको छ ।



बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले आर्थिक वर्ष ०७६/७७ मा दुई थान बायो घुम्ती शौचालय खरिद गर्दा रकम हिनामिना गरेको अख्तियारको दाबी छ । उक्त खरिद गर्दा सिंह परिषद्का अध्यक्ष थिए । ठेकेदारसंग मिलेमतो गरेर खरिदमा हिनामिना गरेको अख्तियारको आरोपपत्रमा उल्लेख गरिएको छ । सिंह पतञ्जली जग्गा खरिद काण्डका योजनाकार हुन् ।

पतञ्जली योगपीठका लागि काभ्रेपलाञ्चोकमा हदबन्दीभन्दा बढी जग्गा खरिद, बिक्री र सट्टाभर्ना गरेर भ्रष्टाचार गरेको आरोपमा उनीविरुद्धको मुद्दा अहिले विशेष अदालतमा विचाराधीन छ । पूर्वप्रधानमन्त्री माधव नेपालसहित ९३ जनाविरुद्ध अख्तियारले गत २२ जेठमा मुद्दा दायर गरेकामा सिंह पनि प्रतिवादी थिए । पतञ्जलीको योगपीठ तथा आयुर्वेद कम्पनी नेपाल र कम्पनीको मुख्य भई कामकाज गर्ने सिंहलाई अख्तियारले १८ करोड ५८ लाख ५० हजार बिगो र १० देखि १४ वर्षसम्म कैद सजायको माग गरेको छ ।

आइतबार अख्तियारले दायर गरेको पहिलो मुद्दामा सिंहविरुद्ध ५५ लाख दुई हजार ८५४ रुपैयाँ बिगो दाबी गरिएको छ । उक्त मुद्दामा परिषद्का कार्यकारी निर्देशक बलराम ठाकुर, प्रशासकीय अधिकृत चिरञ्जीवीराज शर्मा ढुंगाना, लेखापाल सावित्रीकुमारी गिरी, खरिदार मदनकुमार चौधरी सुडी र इसिता ट्रेडर्स र त्यसका प्रोप्राइटर पशुपतिनाथ पाठक प्रतिवादी छन् ।

३३ लाख ५० हजार ९८६ रुपैयाँ रकम कायम गरी आपूर्तिकर्ता भारतीय कम्पनी 'टोटल बिजनेस सेफ्टी एन्ड सेक्युरिटी सोलुसन' संग खरिद प्रक्रिया अवलम्बन गरेको अवस्थामा इसिता ट्रेडससंग ५५ लाख दुई हजार ८५४ रुपैयाँमा सम्झौता गरिएको थियो । सार्वजनिक खरिद ऐनबमोजिम स्पेसिफिकेसन, लागत अनुमान र खरिद योजनासमेत तयार नगरी खरिद गरिएको छ ।

इसिता ट्रेडर्ससंग पूर्वसहमतिबमोजिम दररेट माग गरेकोमा भारतीय कम्पनी 'टोटल बिजनेस सेफ्टी एन्ड सेक्युरिटी सोलुसन'को झुट्टा र गलत अथोराइजेसन सर्टिफिकेटसमेत संलग्न गरी दररेट पेस गरेर बोलपत्र आह्वान नै नगरी इसिता ट्रेडर्ससंगै खरिद सम्झौता गरिएको थियो ।



# संघको चुनावी चहलपहल



**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको बर्दिबास उद्योग वाणिज्य संघको चैत २४ गते हुने चुनाव नजिकिँदै जाँदा बजार क्षेत्रमा चुनावी चहलपहल बढेको छ।

अध्यक्ष, उपाध्यक्षसहित ८ पदाधिकारी र ११ सदस्य गरी १९ सदस्यीय नयाँ कार्यसमिति चयनका लागि दीपकबहादुर कार्की र उत्तम श्रेष्ठ प्यानलबीच कडा प्रतिस्पर्धा देखिएको छ।

कार्की प्यानल 'डमरु' चुनाव चिन्हसहित मतदाता रिझाउने अन्तिम तयारीमा व्यस्त छ भने श्रेष्ठ प्यानलको चुनाव चिन्ह ' कलश' रहेको छ। व्यापारीहरू घरदैलो अभियानमार्फत आ-आफ्नो प्यानलको समर्थनमा सक्रिय छन्। मनोनयन दर्तापछि सदस्यता विवादले केही अन्यौल सिर्जना गरे पनि दुवै प्यानलले प्रचारप्रसार तीव्र बनाएर आफ्नो पकड बलियो बनाउनेमा जुटेका छन्।

दीपकबहादुर कार्की नेतृत्वको प्यानलले पत्रकार सम्मेलनमार्फत आफ्नो संकल्पपत्र सार्वजनिक गरेको छ। 'सुरक्षित लगानी, मर्यादित पेशा र समृद्ध बर्दीबास' भन्ने नारा संकल्प पत्रमा दिएको छ।

कार्कीले चुनावी संकल्पपत्रमा साना लगानीकर्तालाई वर्गीकरण गरी समान अवसर सुनिश्चित, घरभाडा, कर तथा व्यवसायी-घरधनी सम्बन्धी समस्यामा पहल, सडक छेउका साना व्यवसायीको व्यवस्थापन र बजार सुरक्षा , पार्किङ, फुटपाथ, ढल निकास सुधार, सार्वजनिक शौचालय र प्रतीक्षालय निर्माण, बर्दीबासलाई ट्रान्जिट मात्र नभई पर्यटकीय गन्तव्य बनाउने , रात्रीकालीन बजार सञ्चालन र 'स्टे बर्दीबास' प्याकेजमार्फत पर्यटक आकर्षित, संघभित्र कानुनी परामर्श डेस्क स्थापना, निजी अस्पतालसँग सहकार्य गरी स्वास्थ्य सेवामा सहुलियत, महिला उद्यमीका लागि सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम जस्ता योजनाहरु समेटेका छन।

# चितुवा आक्रमणले स्थानीय त्रसित



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-७, ढल्केबरस्थित जंगल नजिकका वस्तीहरूमा चितुवा आक्रमणले स्थानीयवासी त्रसित बनेका छन।

वस्तीमा प्रवेश गरेर घरपालुवा जनावरमाथि आक्रमण गर्न थालेपछि स्थानीयवासी त्रसित बनेका हुन्। केमलीपुर, गैरीटोल र ऐक्लेबरका बासिन्दा पछिल्ला दिनहरूमा बढ्दो जोखिमका कारण भयभीत अवस्थामा रहेका छन्।

स्थानीय जनप्रतिनिधिले जनाए अनुसार गत १२ दिनदेखि उक्त क्षेत्रमा चितुवाको नियमित उपस्थिती देखिँदै आएको छ। वडा अध्यक्ष रामबहादुर स्याङ्दनले हालसम्म पाँच वटा खसीबाख्रा चितुवाले खाइसकेको र एउटा पाडो गम्भीर घाइते बनाएको जानकारी दिनुभयो। यसका साथै दुई वटा घरपालुवा कुकुरसमेत चितुवाको सिकार बनेका छन्।

उनका अनुसार हालसम्म प्रत्यक्ष मानविय क्षति नभए पनि चितुवाले लगातार पशुचौपायामाथि आक्रमण गरिरहेकाले जोखिम बढ्दो क्रममा छ। "चितुवा बारम्बार बस्ती नजिक देखिन थालेपछि स्थानीयहरू निकै त्रसित छन्," उहाँले भन्नुभयो, "हामीले सम्बन्धित निकायलाई जानकारी गराइसकेका छौं।"

चितुवाको गतिविधि बढेपछि डिभिजन वन कार्यालय धनुषालाई औपचारिक रूपमा जानकारी गराइएको छ। कार्यालय प्रमुख विनोद सिंहका अनुसार प्रभावित क्षेत्रमा गस्ती टोली परिचालन गरिएको छ र चितुवाको गतिविधि नजिकबाट निगरानीमा राखिएको छ।

उनले स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गर्दै रातिको समयमा एक्लै हिँडडुल नगर्न, पशुचौपायालाई सुरक्षित स्थानमा राख्न तथा कुनै असामान्य गतिविधि देखिए तुरुन्त जानकारी दिन अनुरोध गरेका छन्। स्थानीयवासीहरूले चितुवालाई सुरक्षित रूपमा नियन्त्रणमा लिएर उपयुक्त स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# सात हजारभन्दा बढी 'अनलाइन' सट्टेबाजी 'एप' र 'वेबसाइट' बन्द




काठमाण्डु । 'अनलाइन' सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी 'एप्लिकेसन (एप)' र 'वेबसाइट' (युआरएल) बन्द भएका छन्।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टर नेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो ।नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो।

"हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएका छन् । अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएका छन्, ती सबैलाई सम्बोधन गर्दै कारबाही अघि बढाइएको छ," उहाँले रासससँग भन्नुभयो ।मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ। सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन। त्यसको उल्लङ्घन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ । त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ।

सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ।

सरकारले सट्टेबाजी एप तथा वेबसाइट प्रयोग तथा सञ्चालन नगर्न पुनः आग्रह गरेको छ । अनधिकृत रूपमा सञ्चालन वा प्रयोग गरेको पाइएमा कडा कारबाही हुने चेतावनी दिएको छ। साथै सरकारले शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ ।रासस

# जातीय विभेद्विरुद्धको जीवित सङ्ग्रहालय

काठमाण्डु । संविधान, कानुन र नीतिगत व्यवस्थाले जातीय विभेद र छुवाछूतलाई निषेध गरे पनि व्यवहारमा भने यसको अवशेष अझै समाजका विभिन्न क्षेत्रमा जरो गाडेर बसेको देखिन्छ। विशेषगरी ग्रामीण समाजमा परम्परा, संस्कार र सामाजिक संरचनासँग गासिएर बसेको जातीय विभेद् पूर्ण रूपमा अन्त्य हुन अझै समय लाग्ने देखिन्छ।

राजनीतिक, सामाजिक र बौद्धिक मञ्चहरूमा समानता, समावेशिता र सामाजिक न्यायका कुरा व्यापक रूपमा उठाइए पनि व्यवहारमा समानता स्थापित गर्न चुनौती कायमै छ। तर सुदूरपश्चिम प्रदेशको बैतडीमा रहेको पाटन नगरपालिका-३ स्थित वनारसीधाम तथा विश्वनाथ ज्योतिर्लिङ्ग शक्तिपीठ भने ४१८ वर्षअघि नै सामाजिक समानताको अभ्यास सुरु गरिएको एउटा ऐतिहासिक स्थलका रूपमा चिनिन्छ।

यस शक्तिपीठमा दलित र ब्राह्मण पुजारीले एउटै धाम क्षेत्रमा संयुक्त रूपमा पूजा-अर्चना गर्दै आएका छन् । यही परम्पराका कारण वनारसी धामलाई जातीय विभेदविरुद्धको एउटा ऐतिहासिक 'लिभिङ म्युजियम' अर्थात् जीवित सङ्ग्रहालयका रूपमा लिन सकिन्छ। तर विडम्बना, जातीय समानताको यस्तो ऐतिहासिक सन्देश बोकेको धाम भने विकासका हिसाबले अझै पछाडि परेको छ। करोडौंको गुरुयोजना बजेट अभावमा कागजमै सीमित रहेको छ।

विशेषगरी धार्मिक क्षेत्रलाई उच्च जातिको अधिकार क्षेत्र मानिने र दलित समुदायलाई मन्दिर प्रवेशदेखि पूजा-अर्चनासम्म प्रतिबन्ध लगाउने परम्परा लामो समयसम्म कायम थियो तर बैतडीको वनारसीधाममा भने यो परम्परा उल्टो देखिन्छ। यहाँ दलित र ब्राह्मण पुजारीले संयुक्तरूपमा पूजा गर्ने, प्रसाद वितरण गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने परम्परा चार सय वर्षभन्दा लामो समयदेखि निरन्तर चल्दै आएको धाम क्षेत्रको इतिहासको खोजी गर्दै आउनुभएका अनुसन्धानकर्ता तथा आचार्य पण्डित गणेशप्रसाद पन्त बताउनुहुन्छ।




उहाँका अनुसार वनारसीधामको इतिहास तत्कालीन स्वराड क्षेत्रका महाराजा मानुक चन्द (मनि चन्द) को शासनकालसँग जोडिएको पाइन्छ । इतिहासअनुसार १६०४ सालतिर स्वराड क्षेत्रमा जातीय विभेद चरममा थियो । समाजमा छुवाछूत, सामाजिक भेदभाव र जातीय विभाजनका कारण सामाजिक सद्भाव खल्बलिन थालेपछि राजा मानुक चन्दले यसको समाधान खोज्न राजगुरु तथा राजज्योतिषी वीरभद्र पन्तलाई निर्देशन दिएका थिए । "राजगुरुको पहलमा विभिन्न जात-समुदायका प्रतिनिधिहरूको बैठक बोलाइएको थियो", आचार्य पन्तले भन्नुभयो, "उक्त बैठकमा पण्डित, भट्ट, भाट, विष्ट, अवस्थी, कोली, दमाई, लुहार, कुमाल, पहरीलगायत विभिन्न जात-समुदायका प्रतिनिधिहरू सहभागी भएका थिए, लामो छलफलपछि एउटा ऐतिहासिक निर्णय भयो–धर्म, पूजा र धार्मिक आस्थाको क्षेत्रमा कुनै पनि प्रकारको जातीय विभेद हुनु हुँदैन, गरिनु हुँदैन।"

उहाँ भन्नुहुन्छ, "यस निर्णयलाई पछि राजसभा परिषद्बाट औपचारिक रूपमा पारित गरियो, त्यसपछि दलित समुदायका व्यक्तिलाई समेत पुजारी नियुक्त गरियो र ब्राह्मण पुजारीसँगै संयुक्त रूपमा पूजा गर्ने परम्परा सुरु भयो।" करिब ४१८ वर्षदेखि आजसम्म यही परम्परा निरन्तर चल्दै आएको छ।

वर्षौं पहिले लिएको यस निर्णयलाई सामाजिक सुधार आन्दोलनकै रूपमा व्याख्या गर्न सकिने बनारसीधाम विश्वनाथ सेवा समाजका उपाध्यक्ष मनिराम कोली बताउनुहुन्छ। "त्यो समय हिन्दू समाजमा जातीय विभेद अत्यन्त कठोर रूपमा लागू हुने समय थियो", उहाँले भन्नुभयो, "त्यस्तो समयमा धार्मिक क्षेत्रमा समानता लागू गर्नु अत्यन्त ठूलो सामाजिक परिवर्तन मानिन्छ।" उहाँका अनुसार, वनारसीधामलाई केवल धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र हेर्नु अपूरो हुन्छ। समाजशास्त्रीय दृष्टिले हेर्दा यो धाम जातीय विभेदविरुद्धको ऐतिहासिक आन्दोलनको प्रतीक जस्तै देखिन्छ।

आज पनि यस धाममा दलित पुजारीबाट टीका लगाउने, प्रसाद लिने, पूजा गराउने परम्परा कायम छ। यहाँ आउने भक्तजनले पुजारीको जात हेरेर पूजा गराउने परम्परा छैन। ब्राह्मण र दलित पुजारी एउटै स्थानमा बसेर संयुक्त रूपमा पूजा गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने र भक्तजनलाई प्रसाद वितरण गर्ने परम्परा अझै कायम छ। "यसले समाजमा समानता, सहअस्तित्व र समावेशीताको सन्देश दिन्छ", धामका वरिष्ठ प्रचारकका रुपमा रहनुभएका कोलीले भन्नुभयो, "धार्मिक स्थल भएर पनि यसले सामाजिक परिवर्तनको सन्देश दिइरहेको छ, सामाजिक विभाजनभन्दा सामाजिक एकता महत्वपूर्ण हुन्छ भन्ने सन्देश यो धामले चार सय वर्षदेखि दिइरहेको छ।"

धार्मिक मान्यताअनुसार वनारसीधामको वर्णन स्कन्द महापुराणको मानसखण्डमा गरिएको पाइन्छ। उक्त ग्रन्थमा भगवान शिवले आफ्ना गण, गन्धर्व, यक्ष, किन्नर, दिक्पाल, लोकपाल आदिलाई निर्देशन गरी रमणीय पुरी निर्माण गरेर त्यहाँ ज्योतिर्लिङ्ग स्थापना गराएको उल्लेख छ। यो धाम सरयू र गोमती नदीको संगम क्षेत्र, नील पर्वतको फेदी र असीबरुणको मध्य भागमा रहेको सुन्दर वनारसीपुरीमा स्थापित भएको मानिन्छ।

यहाँको विश्वनाथ ज्योतिर्लिङ्गलाई ८४ रूप धारण गर्ने, २२ तालमा स्नान गर्ने, १२ मसानको गुरु, ८४ सिद्धबाट सम्मानित तथा १६ शिवालयको गुरुका रूपमा पूजा गरिन्छ भन्ने धार्मिक विश्वास रहेको छ। यही कारणले यो धामलाई शक्तिपीठका रूपमा मान्यता पाएको समाजका सदस्य लक्ष्मी भाट बताउनु हुन्छ। वनारसीधाममा विभिन्न पर्व तथा समयमा लाग्ने धार्मिक मेलामा भारत र नेपालका विभिन्न क्षेत्रका हजारौं भक्तजन आउने गर्छन्। विशेषगरी माघ महिनामा लाग्ने २२ ताल कुम्भ मेला प्रख्यात रहेको छ। जसमा २२ वटा जलाशयबाट पानी सङ्कलन गरेर मुख्य शिवलिङ्गमा स्नान गराउने विशेष परम्परा रहेको छ।

वनारसीधाममा नेपालका सुदूरपश्चिमका जिल्लाहरू मात्र होइन, भारतका उत्तराखण्ड, उत्तरप्रदेश, पञ्जाब, लखनऊ, कर्नाटकलगायत विभिन्न स्थानबाट भक्तजन आउने गर्दछन्। यसले यो धामको सीमापार धार्मिक महत्व पनि देखाउँछ। परम्पराअनुसार विभिन्न क्षेत्रबाट चिनोबानो, सुनचाँदी, गरगहना, पञ्चेबाजा, नेजा-ध्वजासहित भक्तजन पूजा गर्न आउने परम्परा रहेको धाम क्षेत्रका जानकार गोपालसिंह भाट बताउनुहुन्छ। उचित प्रचार-प्रसार, सडक पहुँच, पुल निर्माण, धर्मशाला, खानेपानी, शौचालय, बस्ने व्यवस्था लगायतका पूर्वाधार विकास गर्न सकियो भने वनारसीधाम धार्मिक पर्यटनको महत्वपूर्ण केन्द्र बन्नसक्ने सम्भावना उच्च रहेको उहाँको भनाइ रहेको छ।

मन्दिरको पूजा-अर्चना र व्यवस्थापनका लागि वनारसीधाम विश्वनाथ गुठीको नाममा छ सय ६६ रोपनी जग्गा व्यवस्थापन गरिएको छ। स्थानीय व्यवस्थापन समितिले चन्दा र सहयोगबाट मन्दिर निर्माण, सिँढी, पर्खाल, जीर्णोद्धारलगायत कार्य पूरा गरेको छ। यस क्षेत्रमा ७५ फिट अग्लो मन्दिर निर्माण कार्य समेत स्थानीय प्रयासबाट सम्भव भएको छ। यसले स्थानीय समुदायको सक्रियता देखाउँछ तर यति ठूलो धार्मिक र ऐतिहासिक महत्व बोकेको धामको विकास केवल स्थानीय प्रयासबाट मात्र सम्भव छैन।

वनारसीधाम क्षेत्रको समग्र विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिएको छ। रासस

# नौ जना पक्राउ



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको मलंगवास्थित भूमि सुधार तथा मालपोत कार्यालय र यातायात व्यवस्था कार्यालयबाट प्रहरीले आइतबार नौ जनालाई पक्राउ गरेको छ। मालपोत कार्यालयबाट सात जना र यातायात कार्यालयबाट दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी निरीक्ष बिशालबहादुर बुढाथोकीले जानकारी दिएका छन्।

मालपोतबाट पक्राउ पर्नेहरु लेखापढी व्यवसायी हुन्। सरकार गरेको निर्णय विपरीत कार्यालयभित्र प्रवेश गरेको भन्दै प्रहरीले मालपोत र यातायात कार्यालय अगाडि बसेर लेखापढी तथा अन्य सहजीकरणको काम गर्नेहरुलाई पक्राउ गरेको हो।

पक्राउ परेका नौ जनालाई जिल्ला प्रहरी कार्यालय मलङ्गवामा लगेर राखिएको छ। सरकारको निर्णय अनुसार प्रहरीले सर्लाहीको मलङ्गवा, हरिवन र बरहथवामा रहेका नापी, मालपोतलगायतका कार्यालयमा सेवाग्राहीबाहेक अन्य व्यक्तिलाई प्रवेशमा कडाई गर्न थालेको छ।

जिल्ला प्रशासन, जिल्ला प्रहरी र मातहतका प्रहरी कार्यालयहरुमा बिचौलिया प्रवेश निषेध लेखिएको व्यानर राखिएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। |
| वृष : | आफ्नैबाट टाढिनुपर्ने परिस्थिति पनि आउन सक्छ। |
| मिथुन : | हाल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। |
| कर्कट : | कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। |
| सिंह : | सन्तान तथा विद्या सम्बन्धि क्षेत्रबाट सन्तोष मिल्न सक्छ। |
| कन्या : | आफन्त व्यक्तिसंगै विवाद पर्ने सम्भावना छ। |
| तुला : | प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। |
| वृश्चिक : | अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला। |
| धनु : | केही चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। |
| मकर : | कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ। |
| कुम्भ: | दिन निकै रमाइलो र उत्साहवर्धक रहनेछ। |
| मीन: | व्यवसायमा क्षेत्र विस्तारका साथै राम्रो नाफा कमाउन सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको महादेवा गाउँपालिका वडा नं ४, बलियास्थित खेतमा आधुनिक मेसिनको प्रयोगबाट गहुँ काट्दै । *तस्विरः रासस*

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पाँच महिनापछि किसान सूचीकरण गर्ने




काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पाँच महिनापछि किसानलाई पुनः सूचीकरण गर्न सुरु गरेको छ । किसानलाई परिचयपत्रसहित विभिन्न सेवा सुविधा अनुदान उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको अनलाइन प्रणालीमा प्रविधिक समस्या आएपछि गत कात्तिक २५ गतेदेखि सञ्चालन हुनसकेको थिएन ।

सूचीकृत किसानलाई रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापन, सुविधा उपलब्ध गराउने योजना रहेको उक्त कार्यक्रम प्रभावकारी देखिएकाले १७ लाख ३७ हजार किसानलाई सूचीबद्ध गर्नका लागि पुनः सूचीकरण गर्न सुरु गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । बाँकी किसानलाई छिट्टै गणनामा समावेश गरी प्रणालीमा जोड्ने तयारी भइरहेको जनाइएको छ ।

उक्त प्रणालीमा देशभर स्थानीय तहसँग समन्वय गरी वास्तविक किसान पहिचान गरेर किसानको खेती गरेको जमिनको क्षेत्रफल, उत्पादित उपजलगायत विवरणसहित एकीकृत तथ्याङ्क सङ्कलन तथा अभिलेख राखिएको छ ।

कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजार किसान रहेकामा अहिलेसम्म २३ लाख ९३ हजार किसान सूचीमा समावेश गरिसकेको मन्त्रालयले जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले किसानलाई सम्बन्धित स्थानीय तहमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ ।

किसानको जमिनको विवरण, आम्दानीको अवस्था, खेती उत्पादन, निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा वर्गीकरण गरिएको केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिनुभयो ।रासस

# पर्यटन प्रवर्द्धनमा प्रचारात्मक कार्यक्रममा जोड




काठमाण्डु । विश्वविख्यात आरोही मिङ्मा ग्याल्वो शेर्पाले सगरमाथा नेपालीको गौरव र पहिचान भएकाले यसबारेमा विश्वभर प्रचार गर्न सकिएमा मात्रै पर्यटक आवागमनमा वृद्धि ल्याउन सकिने बताउनुभएको छ ।

एएमएस ग्लोबल हिमालय फाउन्डेसनले आगामी मे २९ मा काठमाडौंमा आयोजना गर्न लागेको एभरेष्ट टुरिज्म एवार्ड र वल्ड पिस समिटका बारेमा उद्यमी, व्यवसायी जानकारी दिन यहाँ आयोजित कार्यक्रममा उहाँले पर्यटन क्षेत्रमा लगानी बढाउन पनि यस किसिमका कार्यक्रमहरुको आयोजना गर्नु आवश्यक रहेको बताउनुभयो ।

फाउन्डेसनकी संस्थापक अध्यक्ष सत्यकला तामाङ लामाले नेपालको लोक कला, संस्कृति, पर्यटनका बारेमा विश्वभर जानकारी गराउन विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरुको आयोजना गर्ने क्रममा आगामी मे महिनामा काठमाडौंमा विश्वका ३० भन्दा बढी देशका प्रतिनिधिहरुको सहभागितामा एभरेष्ट टुरिज्म एवार्ड र वल्ड पिस समिटको आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार फाउन्डेसनले जापान फिलिपिन्स, चीन, युएई, क्यानाडा, माल्दिभ्स, सुडानलगायतका देशका नेपाली संस्कृति, कला, सङ्गीत, भाषासँगै पर्यटन प्रवर्द्धनसम्बन्धी कार्याक्रमहरु सम्पन्न भएका छन् । कार्यक्रममा पर्यटन व्यवसायीहरु जिम्बाज्याङ्बु शेर्पा, दामोदर घिमिरे, मिङ्मादोर्जे शेर्पा, असिम राई, पत्रकार ऋषि धमलालगायतका वक्ताहरुले पनि मुलुकको आर्थि समृद्धिका लागि पर्यटन क्षेत्रको विकासमा जोड दिनुभयो ।रासस

# वीरगन्ज नाकाबाट सात महिनामा चार सय ९७ विद्युतीय गाडी भित्रियो



वीरगन्ज । वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु एक अर्ब ४८ करोड ६४ लाख मूल्य पर्ने चार सय ९७ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ ।

ती विद्युतीय सवारीसाधनको आयातबाट कार्यालयले रु ९६ करोड ३६ लाख राजस्व सङ्कलन गरेको छ ।

जबकि गत आवको सोही अवधिमा भने रु ४३ करोड एक लाख मूल्य पर्ने एक सय ६५ वटा विद्युतीय, जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले रु ३५ करोड ५० लाख राजस्व सङ्कलन गरेको थियो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत आवको सात महिनाको तुलनामा विद्युतीय सवारीसाधनको आयात ह्वात्तै बढेको छ । चालु आवको सात महिनामा रु ८० करोड ५७ लाखका मूल्यका हजार एक सय २८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने रु ४४ करोड तीन लाख मूल्यका तीन हजार ३७४ वटा विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

चालु आवको सात महिनामा रु एक अर्ब १६ करोड १३ लाखका छ सय नौ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले रु दुई अर्ब ८६ करोड राजस्व सङ्कलन गरेको छ । जबकि गत आवको सात महिनामा भने रु एक अर्ब ५० करोड मूल्यका सात सय ४८ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको थियो । सो आवमा इन्धनबाट चल्ने सवार ीसाधन आयातबाट रु तीन अर्ब ७३ करोड राजस्व सङ्कलन भएको थियो ।

कार्यालयले चालु आवको सात महिनामा रु २३ अर्ब ५७ करोड मूल्यका सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका छन् । जबकि गत आवको सात महिनामा रु १७ अर्ब १५ करोड मूल्यका सवार ीसाधन र पार्टपुर्जा आयात हुँदा रु १३ अर्ब २६ करोड राजस्व सङ्कलन भएको थियो ।रासस

## खोजी अभियान :
# चार दिनमा दुई सय २६ जना पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले गुण्डागर्दी, बिचौलिया, अभद्र व्यवहारलगायतका गैरकानुनी कार्यविरुद्ध विभिन्न स्थानमा सञ्चालन गरेको खोजी अभियानका क्रममा चार दिनमै दुई सय २६ जना पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले यही चैत १८, १९, २० र २१ गतेको अभियान अन्तर्गत दुई सय २६ जनालाई पक्राउ गरी कानुनी कारबाही प्रक्रिया थालिएको जानकारी दिनुभयो । प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार १८ गते काठमाडौं उपत्यकाबाट ५१ जना, कोशी प्रदेशबाट १८ जना, १९ गते कोशीबाट एक, मधेस प्रदेशबाट सात, बागमतीबाट २३, गण्डकीबाट दुई र कर्णालीबाट ११ जना पक्राउ परेका थिए ।

यस्तै २० गते मधेस प्रदेशबाट आठ, गण्डकीबाट १०, लुम्बिनीबाट चार र सुदूरपश्चिम प्रदेशबाट दुई तथा २१ गते काठमाडौं उपत्यकाबाट ६२ जना पक्राउ परेका छन् ।




प्रहरीका अनुसार पक्राउ पर्नेमा गुण्डागर्दी, बिचौलिया, यातायात तथा मालपोत कार्यालयमा दुःख र हैरानी दिने, सार्वजनिकस्थलमा अभद्र व्यवहार गर्नेलगायतका व्यक्तिहरू छन् । प्रवक्ता काफ्लेले अभियान जारी रहने बताउनुभएको छ ।रासस

# ‘थाइराइड रोग’को पहिचान गर्न उपकरण प्रदान

जलेश्वर । बर्दिबास युथ क्लबले महोत्तरीको बर्दिबास अस्पताललाई ‘थाइराइड रोग’को पहिचानका लागि आवश्यक पर्ने उपकरण सहयोग गरेको छ । ‘सिला मागलुमि ८०० ’ नामक उक्त उपकरणको रु २५ लाख बराबरको भएको बताइएको छ । अस्पतालमा सो रोग पहिचानका लागि उपकरण नहुँदा बिरामी अन्यत्र जानुपर्ने बाध्यता रही आएको थियो । यस्तो अवस्थालाई दृष्टिगत गर्दै बर्दिबास युथ क्लबले बर्दिबास अस्पतालका लागि रु २४ लाख ८६ हजारको ‘थाइराइड उपचार मेसिन’ प्रदान गरेको हो ।

बर्दिबास युथ क्लबका अध्यक्ष कृष्ण कार्कीले आइतबार आयोजित कार्यक्रम बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्री र अस्पताल विकास समितिका अध्यक्ष जयनारायण शर्मालाई सो मेसिन हस्तान्तरण गर्नुभएको हो ।सो अवसरमा नगरप्रमुख क्षेत्री र अस्पताल विकास समितिका अध्यक्ष शर्माले अब यस अस्पतालमा आइतबारैदेखि थाइराइड रोगको पनि उपचार सुरुआत गरिने जानकारी दिनुभयो ।रासस



# दश बुँदे घोषणापत्र जारी गर्दै सकियो ‘मिडिया मेला’

ढोरपाटन । नेपाल पत्रकार महासङ्घ बागलुङद्वारा आयोजित ‘बागलुङ मिडिया मेला’ १० बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । यही चैत २० र २१ गते बागलुङ बजारमा भएको मेलामा गिद्देप्रेसदेखि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्मको यात्रा र चुनौतीबारे विमर्श गरिएको थियो ।




दुई दिनसम्म सञ्चालन भएको मेलामा पत्रकारिता, पर्यटन, प्रविधिलगायत विभिन्न १० विषयमा छलफल गरिएको थियो । सञ्चारमाध्यमका नयाँ आयामलाई स्वीकार गर्दै सञ्चारसंस्था र पत्रकारलाई गुणस्तरीय तथा विश्वसनीय समाचार सामग्री लेखन/उत्पादनमा जोड दिने घोषणापत्रमा उल्लेख गरिएको छ ।

समय र प्रविधिको गतिअनुसार पत्रकारिता, त्यसमा पनि डिजिटल सञ्चारमाध्यम र समाजिक सञ्जाल तथा अनलाइन सञ्चारमाध्यमको यथोचित उपयोग, यसको उपयोगमार्फत आयआर्जन गर्दै जीवनस्तरमा टेवा पुग्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयनका लागि तीनै तहका सरकारसँग घोषणा पत्रमार्फत माग गरिएको छ ।तत्काल कोरलानाका नियमित सञ्चालन गरेर यसबाट गण्डकी प्रदेशले निर्यात बढाउन सक्ने र त्यसबाट आर्थिक समृद्धिमा टेवा पुग्ने भएकाले सञ्चारमाध्यमले यो विषय उठान गरी सरकारलाई आवश्यक पहलकदमी र नीति निर्माण गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।

बागलुङभित्र र जिल्लाबाट बाहिर रहेर विभिन्न क्षेत्रमा सफल भएका व्यक्तित्वलाई आफ्नो ज्ञान, सीप, अनुभव र स्रोतसाधन जन्मभूमिको विकास, समृद्धि र पहिचान अभिवृद्धिमा लगानी गर्न आह्वानसमेत गरिएको छ । घोषणपत्रतथासञ्चारमाध्यममार्फत यस्ता प्रेरणादायी कथाहरूको प्रवर्द्धन गर्दै ‘जन्मभूमिसँगको सम्बन्ध र योगदान’लाई संस्थागत रूपमा सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सरकारी विज्ञापन सरकारी मिडियामा मात्र सीमित गर्ने सङ्घीय सरकारको निर्णय सङ्घीयता, खुला अर्थनीति, प्रेस स्वतन्त्रताको भावना र मर्मविपरीत भएकाले प्रदेश सरकार, स्थानीय तहहरूलाई केन्द्र सरकारको परिपत्र अस्वीकार गर्दै स्वरोजगार मूलक मिडिया, यसमा कार्यरत पत्रकारहरूलाई थप सङ्कटग्रस्त अवस्थामा पुर्याउने भन्दै यसको विरुद्धमा घोषणपत्रमा उल्लेख छ । छलफलका क्रममा स्थानीय सञ्चारमाध्यमको दर्ता, सञ्चालन र सवलीकरणमा स्थानीय तहको यथोचित स्थानीय सञ्चार नीति आवश्यक रहेकामा जोड दिइएको छ ।रासस

# मतदाता नामावली सङ्कलन सुरु

काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्थगित गरिएको मतदाता नामावली सङ्कलनको काम आइतबारदेखि सुरु भएको छ । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भन्दै गत मङ्सिर ६ गतेदेखि नामावली सङ्कलन कार्य स्थगित गरेको थियो । आयोगको यही चैत १८ को बैठकले मतदाता नामावली सङ्कलनको काम सुरु गर्ने निर्णय गरेको हो ।

स्थगित उक्त कार्यक्रम आइतबारदेखि पुनः सञ्चालन गर्न लागिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । आयोगले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको आयोगले जनाएको छ । राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध नभएकाहरूको हकमा आयोगको ‘प्रि इनरोलमेन्ट’ प्रणालीमार्फत अनलाइन फारम भर्नुपर्ने छ । आफ्नो फोटो तथा औठाछापसहितको जैविक विवरण प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा आवेदक स्वयं भौतिक रूपमा उपस्थित हुनुपर्नेछ ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायतका कार्यका लागि समेत अनलाइन माध्यमबाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । नाम थर, ठेगाना सच्याउने, एकै वडाभित्र दुई वा सोभन्दा बढी मतदानस्थल रहेको भए मतदातालाई पायक पर्ने स्थानमा नाम सार्ने, नागरिकताअनुसारको विवरण नभई अन्यथा भएको भए नागरिकताअनुसार पनि सच्याउन सकिनेछ । आयोगले मतदाता नामावली सङ्कलन प्रक्रियामा सक्रिय सहभागिताका लागि आग्रह गरेको छ ।रासस




# आयुर्वेद चिकित्सक सङ्घका अध्यक्षमा डा गौतम निर्वाचित



काठमाण्डु । नेपाल आयुर्वेद चिकित्सक सङ्घको अध्यक्ष पदमा डा शङ्कर गौतम निर्वाचित हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धीका रूपमा डा सुवर्ण पौडेल हुनुहुन्थ्यो । सङ्घको यही चैत २० र २१ गते यहाँ सम्पन्न ११औँ राष्ट्रिय सम्मेलनले डा गौतमको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । वरिष्ठ उपाध्यक्षमा डा रमेश पौडेल, महिला उपाध्यक्षमा डा सिर्जना श्रेष्ठ, महासचिवमा डा ऋषिकेशव भुसाल, सचिवमा डा दीपककुमार मण्डल र कोषाध्यक्षमा डा सिजन कोजु विजयी हुनुभएको सङ्घका निवर्तमान अध्यक्ष डा श्यामबाबु यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रादेशिक उपाध्यक्षमा कोशीमा डा विजयकुमार सिंह, मधेसमा डा शिवनारायण गुप्ता, बागमतीमा डा देवेन्द्रकुमार यादव, गण्डकी डा नगेन्द्र लामिछाने, लुम्बिनीमा डा कैलाश न्यौपाने, कर्णालीमा डा सुदर्शन पोखरेल र सुदूरपश्चिममा डा हिमाल भट्ट निर्वाचित हुनुभएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पर्सामा अवैध असुली

पर्सा जिल्लामा कवाडका व्यवसायीहरुसित अवैध रुपमा असुली भइरहेको गुनासो संघीय अर्थमन्त्रीसम्म पुगेको छ । बजेट निर्माणको क्रममा रहेका अर्थमन्त्री स्वर्णिम वाग्ले वीरगञ्जमा बारा, पर्सा जिल्लाका उद्योगी व्यवसायीहरुसित छलफल गर्न गएको बखत पीडित उद्योगी, व्यवसायीहरुले पीडा सुनाए । अर्थशास्त्री डा.स्वर्णिम वाग्लेले उद्योगी, व्यवसायीहरुको समस्यालाई तत्काल समाधान गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिए । पर्सा र बारा जिल्ला सर्वाधिक उद्योग, व्यवसाय भएको जिल्लामा पर्छ । कुनै बेला देशलाई सर्वाधिक राजस्व पनि वीरगञ्ज भन्सार कार्यालयबाट नै आउने गरेको थियो । देशका प्रायः सबै ठूला व्यवसायी घरानाको गोदाम र कार्यालय बारा, पर्सा जिल्लामा रहेको छ । बारा र पर्सा जिल्लामा साना र ठूला उद्योगहरुको संख्या अत्यधिक रहेको छ । औद्योगिक नगरीको रुपमा रहेको वीरगञ्जका उद्योगी व्यवसायीहरुलाई ठेकेदार र पालिकाले अनावश्यक दुःख दिने गरेको आरोप लाग्दै आएको छ । पालिकाहरुले ठेकदार मार्फत अनुचित रुपमा रकम असुल गरिरहेकोले त्यसलाई तत्काल रोक्न माग गरे । मनपरी कर लगाउने र बाध्यात्मक अवस्थामा असुल गर्ने कारणले उद्योगी, व्यवसायीहरु मारमा परेका छन् । कवाड व्यवसायीहरुसित अवैध रुपमा असुल गर्ने कारण समस्यामा पर्ने गरेका छन् । भारतीय सवारी साधनहरुसित समेत अनुचित रुपमा रकम असुल गरिरहेको जानकारी अर्थमन्त्री वाग्लेलाई गराएका थिए । बारा र पर्सा जिल्लाबाट उद्योगीहरु पछिल्लो समयमा पलायन गर्न थालेका छन् । उनीहरुले लगानीका लागि हाल उपयुक्त वातावरण नरहेको गुनासो गर्दै भैरहवा तर्फ पलायन गरिरहेका छन् । बारा र पर्साको भन्दा रुपन्देही उद्योग, व्यवसाय मैत्री रहेको बताइन्छ । बारा र पर्सा जिल्लामा अवैध असुली, पालिकाहरुको दादागिरीले उद्योगी व्यवसायीहरु पलायन भइरहेको बताइन्छ । पालिकाहरुले अवैध असुलीलाई बन्द नगरे नयाँ उद्योगहरु स्थापना हुन नसकिने उद्योगी, व्यवसायीहरुको कथन छ । उद्योगी, व्यवसायीहरु पलायन हुन थालेको कारणबारे छलफल गरी समस्याको समाधान खोजिनु पर्छ । अर्थमन्त्री वाग्लेले उद्योगी, व्यवसायीहरुको समस्यालाई समाधान गर्न आफूले सक्दो प्रयास गर्ने आश्वासन दिए । उद्योग, व्यवसाय मैत्री वातावरण बनाउन सरकार लागेको छ । दबाब दिएर नभइ सन्तुष्ट गरेर राजस्व संकलन गर्नुपर्ने धारणा राखेका थिए । राजस्वका कर्मचारीहरुको आतंकले पनि उद्योगी व्यवसायीहरु पीडित हुन थालेका छन् । बारा र पर्सा जिल्लामा लगानी गर्ने वातावरण बनाउन पालिकाले सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । सुरक्षा निकाय र जनप्रतिनिधिहरुले उद्योगी, व्यवसायीहरुलाई उद्योग लगाउने वातावरण बनाइदिनु पर्छ । लगानीकर्ताहरुको पहिलो रोजाइ बारा र पर्सा जिल्ला रहेको थियो । तर अहिले कयौं उद्योगी, व्यवसायीहरु पलायन भएर भैरहवा तर्फ लागिसकेका छन् । बारा र पर्साका उद्योगी, व्यवसायीहरुलाई पालिकाहरुले प्रोत्साहन गरी लगानी मैत्री वातावरण बनाउनु पर्छ ।

# अटिजम र सामाजिक सीपहरू बीचको सम्बन्ध र सामाजिक उत्तरदायित्व



डा.केदार कार्की

हरेक वर्ष, अप्रिल २ लाई विश्व अटिजम जागरूकता दिवसको रूपमा मनाइन्छ। अटिजम स्पेक्ट्रम डिसअर्डर (एएसडी) भएका बच्चाहरूलाई अभिभावकत्व प्रदान गर्नु आफैमा एक महत्त्वपूर्ण चुनौती हुन सक्छ। यी बच्चाहरूको विकासलाई समर्थन गर्न र यी चुनौतीहरू पार गर्न मद्दत गर्न, आमाबाबुले धेरै कुराहरू गर्नुपर्छ, जसमध्ये सबैभन्दा महत्त्वपूर्ण भनेको आफ्नो बच्चाको अटिजम स्पेक्ट्रम डिसअर्डर बारे जागरूकता बढाउनु हो।

जीवनशैली परिवर्तन हुँदै जाँदा, धेरै रोगहरू द्रुत गतिमा फैलिरहेका छन्, तर तिनीहरू प्रायः कम ज्ञात छन्। यस्तै एउटा रोग अटिजम, वा अटिजम स्पेक्ट्रम डिसअर्डर हो। हालैका वर्षहरूमा अटिजममा तीव्र वृद्धि भएको छ। यो अवस्था विशेष गरी बालबालिकाका लागि चिन्ताजनक छ, जसले गर्दा यस अवस्थाको बारेमा सही जानकारी हुनु महत्त्वपूर्ण छ। विश्व स्वास्थ्य संगठन (डब्ल्यूएच ओ) का अनुसार, १०० मध्ये एक बच्चामा अटिजम हुन्छ।धेरै रिपोर्टहरूले सुझाव दिन्छ कि यो अवस्था केटीहरूको तुलनामा केटाहरूमा बढी सामान्य छ। हालका वर्षहरूमा अटिजम भएका व्यक्तिहरूको संख्या तीन गुणा बढेको छ, जुन चिन्ताको विषय हो।

अटिजमहरू तीन प्रकारका हुन्छन जसले व्यक्तिलाई असर गर्न सक्छन्।

अटिजम विकारः यसलाई अटिजम स्पेक्ट्रम सिन्ड्रोमको सबैभन्दा गम्भीर रूप मानिन्छ। यसले मस्तिष्क विकासमा समस्या निम्त्याउँछ, जसले गर्दा अरूसँग अन्तरक्रिया गर्न र उस्तै तरिकाले सोच्न गाह्रो हुन्छ।

एस्पर्जर सिन्ड्रोमः यस सिन्ड्रोममा हल्का लक्षणहरू छन्, र व्यक्ति अरूसँग सामाजिकीकरण वा अन्तरक्रिया गर्न अनिच्छुक हुन्छ, र कुराकानी गर्न कठिनाइ हुन्छ।

व्यापक विकासात्मक विकार-अन्यथा निर्दिष्ट नहुने (पर्वाइज़वि डेवलपमेंटल डिसअ'र्डर-ना'ट अ'दरवाइज़ स्पेसिफाइड): यो पनि अटिजम स्पेक्ट्रम विकारको एक रूप हो, तर यो अरू भन्दा फरक छ। तपाईं यस प्रकारको अटिजमलाई निदानको प्रकारको रूपमा विचार गर्न सक्नुहुन्छ।

अटिजमको लागि जिम्मेवार मानिने जोखिम कारकहरू समावेश छन्ः

आनुवंशिक कारकहरूः यदि परिवारमा दाजुभाइ दिदीबहिनीलाई अटिजम र अन्य रोगहरू जस्तै फ्रेजिल एक्स सिन्ड्रोम वा ट्यूबरस स्क्लेरोसिस छ भने।

वातावरणीय कारकहरूः वातावरणमा भारी धातुहरू र अन्य विषाक्त पदार्थहरूको सम्पर्कमा आउनु, गर्भावस्थाको समयमा रक्तस्राव हुनु, गर्भावस्थाको समयमा थालिडोमाइड र भल्प्रोइक एसिड जस्ता औषधिहरू लिनु, गर्भावस्थाको मधुमेह (गर्भावस्थाको समयमा मधुमेह), आमाको प्रसवपूर्व औषधिको प्रयोग (गर्भावस्था अघि केही औषधिहरूको प्रयोग), जन्मको समयमा आमाको उमेर बढेको।संक्रमण, पोषण वा अन्य कारकहरूः गर्भावस्थाको समयमा प्रयोग गरिने थालिडोमाइड र भल्प्रोइक एसिड जस्ता औषधिहरू।पारिवारिक अटिजम क्रोमोजोम १३ मा जीनको उत्परिवर्तनको कारणले हुन्छ (हालैको अध्ययन)।

अटिजम स्पेक्ट्रम डिसअर्डर एक प्रकारको न्यूरोलोजिकल विकाससम्बन्धी अवस्था हो, जसले बालबालिका वा व्यक्तिको सञ्चार क्षमता, सामाजिक अन्तरक्रिया तथा व्यवहारमा प्रभाव पार्दछ । 'स्पेक्ट्रम' भन्ने शब्दले यस अवस्थाका लक्षणहरू हरेक व्यक्तिमा फरक-फरक रूपमा देखिने जनाउँछ । त्यसैले अटिजम भएका सबै व्यक्तिलाई एउटै मापदण्डमा राखेर मूल्याङ्कन गर्न सकिँदैन ।अटिजम भएका व्यक्तिहरूमध्ये केहीलाई न्यूनतम सहयोग मात्र आवश्यक पर्न सक्छ भने केहीलाई दैनिक जीवन सञ्चालनका लागि व्यापक सहयोगको आवश्यकता हुन्छ । विशेषगरी, उनीहरूमा सञ्चार (कम्युनिकेशन) मा कठिनाइ देखिन्छ । आफ्ना भावना वा चाहनाहरू व्यक्त गर्न नसक्दा उनीहरू निराश (फ्रस्ट्रेटेड) हुन सक्छन्, जसका कारण विभिन्न प्रकारका व्यवहारगत प्रतिक्रिया देखिन सक्छन् ।

सामाजिक अन्तरक्रियाको सन्दर्भमा पनि उनीहरूलाई चुनौतीहरू सामना गर्नुपर्छ । साथी बनाउन गाह्रो हुनु, सामाजिक मूल्य-मान्यता बुझ्न कठिन हुनु तथा दैनिक दिनचर्यामा सानो परिवर्तन हुँदा असहज महसुस गर्नु जस्ता लक्षणहरू सामान्य रूपमा देखिन्छन् । प्रायः उनीहरू निश्चित रुटिनमा अभ्यस्त हुन्छन् र त्यसमा परिवर्तन हुँदा तनाव महसुस गर्छन् ।अटिजम भएका व्यक्तिहरूमा दोहोरिने व्यवहार पनि देखिन्छ, जस्तै एउटै काम पटक-पटक गर्नु, हात हल्लाउनु, ताली बजाउनु आदि । यस्ता व्यवहारहरू व्यक्तिअनुसार फरक हुन सक्छन् । साथै, उनीहरूमा संवेदनशीलता उच्च हुने भएकाले आवाज, उज्यालो वा अन्य वातावरणीय उत्तेजनाप्रति तीव्र प्रतिक्रिया दिन सक्छन् ।

स्वास्थ्य संस्थानका अनुसार, यसको सबैभन्दा क्लिनिकल परिभाषामा, "अटिजम स्पेक्ट्रम डिसअर्डर (ब्क्म) एक स्नायु र विकासात्मक विकार हो जसले मानिसहरूले अरूसँग कसरी अन्तरक्रिया, सञ्चार, सिक्ने र व्यवहार गर्छन् भन्ने कुरालाई असर गर्छ।" अटिजम कुनै पनि उमेरमा निदान गर्न सकिन्छ, तर यसको लक्षणहरू सामान्यतया जीवनको पहिलो दुई वर्षमा देखा पर्दछ। यसलाई स्पेक्ट्रम डिसअर्डर भनिन्छ किनभने यसलाई सजिलैसँग गम्भीरता वा अनुभवको एकल स्तरमा वर्गीकृत गर्न सकिँदैन। बरु, यो निदान भएकाहरूमा धेरै फरक तरिकाले देखा पर्न सक्छ। अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सले सबै बच्चाहरूलाई अटिजमको लागि जाँच गर्न सिफारिस गर्दछ किनभने यसले सबै लिङ्ग, जाति, जाति र आर्थिक पृष्ठभूमिका मानिसहरूलाई असर गर्छ।

अटिजम भएका व्यक्तिहरूले विभिन्न चुनौतीहरूको सामना गर्छन् - विशेष गरी सामाजिक परिस्थिति र अन्तरक्रियामा। यी चुनौतीहरूमा समावेश हुन सक्छन्ः

कम आँखा सम्पर्क। कुराकानी सुरु गर्न कठिनाइहरू। शारीरिक भाषा, अनुहारको अभिव्यक्ति, र इशाराहरू जस्ता गैर-मौखिक सञ्चारमा कठिनाई र निराशा। ध्वनि, गन्ध, दृश्य, वा स्पर्शको लागि संवेदनशीलता। सामाजिक चिन्ता। सामाजिक नियम, मान्यता र इशाराहरू बुझ्न कठिनाई। सामाजिक अन्तरक्रियाहरू पछ्याउन कठिनाइ। कुराहरूलाई शाब्दिक रूपमा लिन कठिनाइ। अशाब्दिक सञ्चारमा कठिनाइ। भावनाहरू बुझ्न कठिनाइ। अटिजम स्पेक्ट्रम डिसअर्डरलाई एउटा छाता शब्दको रूपमा सोच्नु महत्त्वपूर्ण छ किनभने यसमा विभिन्न स्तरहरूमा विभिन्न विकारहरू समावेश हुन सक्छन्, जुन सबैले सामाजिक सीपहरूलाई असर गर्न सक्छन्।

हामी कसरी कुराकानी गर्छौं, अरूसँग अन्तरक्रिया गर्छौं, सम्बन्ध निर्माण गर्छौं र साथी बनाउँछौं भन्ने कुरा सबै सामाजिक सीपका उदाहरण हुन्। तिनीहरू दैनिक जीवनको एक मौलिक पक्ष हुन्, जसले हामीलाई सुन्न, समानुभूतिशील हुन, द्वन्द्व समाधान गर्न र हाम्रा भावनाहरू अनुभव गर्न अनुमति दिन्छ।

सामाजिक सीपहरू मौखिक, गैर-मौखिक, लिखित वा दृश्य हुन सक्छन्। हामी सामाजिक रूपमा कसरी अन्तरक्रिया गर्छौं भन्ने कुराको पर्वाह नगरी, मनोवैज्ञानिक र भावनात्मक कल्याण कायम राख्न त्यसो गर्नु महत्त्वपूर्ण छ।

सामाजिक सीपका उदाहरणहरूमा समावेश छन्ः

आँखा सम्पर्क महिला र पुरुष, कम्पनीको हलवेमा उभिएर, कफी पिउँदै..सक्रिय सुन्ने। विनम्र हुनु।सहयोग।धैर्य।साझेदारी।सकारात्मकता। टिमवर्क।सहानुभूति,सम्मान।प्रश्नहरूको जवाफ दिने।कुराकानीमा संलग्न हुनु।सीमाहरूको सम्मान गर्नु। निर्देशनहरू पालना गर्नु।आलोचना स्वीकार गर्नु।

अटिजम स्पेक्ट्रम डिसअर्डर भएका व्यक्तिहरूले सामाजिक सीप र प्रश्नहरूको साथ धेरै चुनौतीहरूको सामना गर्न सक्छन्, जुन सबैले सही रूपमा बुझिएन भने सम्बन्धलाई तनावपूर्ण बनाउन सक्छन्। यी सामाजिक चुनौतीहरू र कठिनाइहरू पहिचान गर्न सक्षम हुनु महत्त्वपूर्ण छ, जसमा मौखिक र गैर-मौखिक रूपमा कुराकानी गर्न कठिनाइ समावेश हुन सक्छ। अटिजम स्पेक्ट्रम डिसअर्डर भएका व्यक्तिहरूलाई कुराकानीमा प्रतिक्रिया दिन वा संलग्न हुन समस्या हुन सक्छ। तिनीहरू आवाजको स्वर वा अनुहारको भाव बुझ्न सक्षम नहुन सक्छन्।

थप रूपमा, सामाजिक अन्तरक्रिया, सामाजिक नियमहरू, शारीरिक भाषा, खेल र संयुक्त ध्यान (अरूसँग सामाजिक अनुभवहरू साझा गर्ने), सबै चुनौतीपूर्ण हुन सक्छन्, वा अटिजम स्पेक्ट्रम डिसअर्डर भएका व्यक्तिहरूमा स्वाभाविक रूपमा नआउन सक्छन् र फरक-फरक मात्रामा प्रस्तुत हुन सक्छन्।

अटिजम स्पेक्ट्रम डिसअर्डर भएका व्यक्तिहरूले आफ्नो शक्ति कसरी प्रदर्शन गर्छन् भनेर सम्झनु महत्त्वपूर्ण छ - र अझ राम्रो, बुझ्नको लागि काम गर्नु। तिनीहरू भावनामा धेरै भर नपरीकन चीजहरू प्रशोधन गर्ने क्षमताको कारणले बलियो ध्यान केन्द्रित गर्ने र विशेष गरी तार्किक हुने क्षमता देखाउने गर्छन्। अटिजम स्पेक्ट्रम डिसअर्डर भएका व्यक्तिहरू पनि विशिष्ट रूपमा इमानदार, प्रत्यक्ष र भरपर्दो हुन सक्छन्, जसले तिनीहरूलाई विश्वसनीयता र विश्वसनीयता प्रदान गर्दछ। अटिजम स्पेक्ट्रम डिसअर्डर भएका केही अत्यन्त वफादार हुन्छन्, र धेरैले अटल निष्ठा प्रदर्शन गर्छन्।

> विश्व अटिजम जागरूकता दिवसमा, हामीले अटिजम स्पेक्ट्रम विकार भएका बालबालिकाहरुको अद्वितीय प्रकृतिको बारेमा आफूलाई सम्झाउनुपर्छ र उनीहरु को हुन् भनेर परिवर्तन गर्ने प्रयास नगरी उनीहरुको आवश्यकताहरु बुझ्नुपर्छ। एक राष्ट्रको रुपमा, हामीले विद्यालय र समुदायहरुमा थप समावेशी ठाउँहरु निर्माण गर्ने आवश्यकतालाई पहिचान गर्नुपर्छ जहाँ अटिजम भएका बालबालिकाहरुले महत्त्वपूर्ण जीवन सीपहरु विकास गर्न, सामाजिक अन्तरक्रिया बढाउन, उनीहरुको सिकाइ सुधार गर्न र आत्मविश्वास निर्माण गर्न सक्छन्।

थप रूपमा, अटिजम स्पेक्ट्रम डिसअर्डर भएका व्यक्तिहरूमा शक्तिशाली स्मरणशक्ति र निर्बाध जिज्ञासा हुन सक्छ। र अटिजमका धेरै लक्षणहरूले वास्तविक सम्बन्ध विकास गर्न असमर्थताको संकेत गर्दछ, तर विवरणहरूमा यो निर्बाध ध्यानले वास्तविक र दिगो सम्बन्ध निर्माण गर्ने क्षमतामा परिणाम दिन सक्छ।

स्टिरियोटाइपहरूले प्रायः अटिस्टिक व्यक्तिहरूलाई गतिशीलता बिना संकुचित जीवन बिताउने रूपमा चित्रण गर्दछ, जसले गर्दा उनीहरूको अनुभवहरू केवल उनीहरूको निदानमा सीमित छन् भन्ने गलत धारणा कायम रहन्छ। यी स्टिरियोटाइपहरूले अटिस्टिक समुदाय भित्रका विविध प्रतिभा, रुचि र आकांक्षाहरूलाई स्वीकार गर्न असफल हुन्छन्। वास्तविकतामा, धेरै अटिस्टिक व्यक्तिहरूले जीवन्त र गतिशील जीवन बिताउँछन्, विविध जोशहरू पछ्याउँछन्, अर्थपूर्ण सम्बन्धहरूमा संलग्न हुन्छन्, र समाजमा सकारात्मक योगदान दिन्छन्। यी स्टिरियोटाइपहरूलाई चुनौती दिएर र अटिस्टिक व्यक्तिहरूको अद्वितीय शक्ति र क्षमताहरूलाई पहिचान गरेर, हामी थप समावेशी र समझदार समाजलाई बढावा दिन सक्छौं।

अटिजम भएका व्यक्तिहरूको लागि परिणाम सुधार गर्न प्रारम्भिक पहिचान र हस्तक्षेप महत्त्वपूर्ण हुन्छ, किनकि यसले प्रभावकारी हस्तक्षेप र समर्थन रणनीतिहरूको कार्यान्वयनलाई अनुमति दिन्छ जसले व्यक्तिको जीवनको गुणस्तर र समग्र कल्याण बढाउन सक्छ। यद्यपि, नेपालका ग्रामीण क्षेत्रहरूमा, जागरूकता र स्रोतहरूमा पहुँच सीमित छ जसले गर्दा प्रारम्भिक निदान र आफ्ना प्रियजनहरूको लागि उपयुक्त हस्तक्षेपमा ढिलाइ हुन्छ।

हालैका वर्षहरूमा अटिजमको बारेमा बढ्दो जागरूकताको बावजुद, अटिजम भएका व्यक्तिहरूले अझै पनि धेरै चुनौतीहरूको सामना गर्छन्, जसमा विभिन्न सेटिङहरूमा भेदभाव, कलंक र सामाजिक अलगाव समावेश छ। धेरै शैक्षिक सेटिङहरूमा, शिक्षकहरूमा अटिजम भएका बच्चाहरूलाई प्रभावकारी रूपमा सहयोग गर्न आवश्यक विशेष तालिम र स्रोतहरूको अभाव हुन सक्छ। फलस्वरूप, यी बच्चाहरूले उनीहरूको अद्वितीय आवश्यकताहरू अनुरूप शिक्षा प्राप्त गर्न चुनौतीहरूको सामना गर्न सक्छन्, जसले आवश्यक सीपहरू विकास गर्ने र उनीहरूको पूर्ण क्षमतामा पुग्ने क्षमतामा बाधा पुर्‍याउँछ।

नेपालजस्ता विकासशील देशहरूमा भने अझै पनि अटिजम भएका बालबालिकाका लागि पर्याप्त शैक्षिक र सामाजिक अवसरहरूको अभाव देखिन्छ । धेरै बालबालिकाले विद्यालयमा भर्ना हुनसमेत कठिनाइ भोगिरहेका छन् । यस अवस्थालाई सुधार गर्न सरकारले विशेष शिक्षा केन्द्र स्थापना गर्ने, समावेशी शिक्षा प्रणाली लागूगर्ने तथा आवश्यक स्रोत-साधन उपलब्ध गराउनेतर्फ ध्यान दिन आवश्यक छ ।

धेरै बच्चाहरूले स्कुल पढ्न पाउँदैनन्, पढ्ने वातावरण छैन । कतिलाई त घरमै राख्नुपर्ने अवस्था छ । उनीहरूले पढ्ने, सिक्ने अवसर नै पाएका छैनन् । यो कुरा सोच्दा मलाई एकदमै नराम्रो फिल हुन्छ । एउटा कुरा प्रष्ट बुझ्न जरुरी छ–अटिजम हुनु कसैको गल्ती होइन । न यो अभिभावकको गल्ती हो, न पालनपोषणको समस्या । नेपालमा अझै पनि यसबारे धेरै मिथहरू छन्, त्यसैले यो कुरा स्पष्ट गर्न आवश्यक छ । अटिजमलाई रोगका रूपमा होइन, फरक क्षमताका रूपमा बुझ्न आवश्यक छ । उचित सहयोग, समझदारी र अवसर प्रदान गरियो भने अटिजम भएका व्यक्तिहरूले पनि पूर्ण र अर्थपूर्ण जीवनयापन गर्न सक्छन् । समाजको दायित्व उनीहरूलाई स्वीकार गर्ने, समर्थन गर्ने र समान अवसर प्रदान गर्ने हो ।

वर्षौंदेखि, नेपालको शैक्षिक परिदृश्यले परिवर्तनकारी परिवर्तनको अनुभव गरिरहेको छ, अपाङ्गता भएका विद्यार्थीहरूको लागि समावेशी शिक्षामा बढ्दो ध्यान केन्द्रित गर्दै। यो संक्रमण विशेष गरी अटिजम भएका विद्यार्थीहरूको लागि महत्त्वपूर्ण छ, जसले गर्दा दयालु र मिलनसार सिकाइ वातावरण आवश्यक पर्दछ। यी वातावरणहरूले विविध सामाजिक अन्तरक्रियाहरू प्रदान गर्दछ, राम्रो सञ्चार र पारस्परिक सीपहरूलाई सहज बनाउँछ। समावेशी कक्षाकोठाहरूले अटिजम भएका विद्यार्थीहरूलाई विभिन्न सिकाइ शैलीहरू र दृष्टिकोणहरूमा पनि उजागर गर्दछ, उनीहरूको संज्ञानात्मक विकास र शैक्षिक प्रदर्शन बढाउँछ। यसबाहेक, विद्यालय भित्र सहयोगी समुदायको हिस्सा हुनुले आत्मसम्मान र आफ्नोपनको भावनालाई बढावा दिन मद्दत गर्दछ, जुन अटिजम भएका विद्यार्थीहरूको भावनात्मक कल्याणको लागि महत्त्वपूर्ण छ।

विज्ञान र प्रविधिको क्षेत्रदेखि कला, वकालत, खेलकुद, मनोरञ्जन र उद्यमशीलतासम्म, अटिजम भएका व्यक्तिहरूले आफ्नो छाप छोडेका छन्। तिनीहरूको यात्राले हामीलाई सम्झाउँछ कि जब समर्थन र स्वीकृति दिइन्छ, अटिजम भएकाहरू सहित प्रत्येक व्यक्तिको क्षमताको कुनै सीमा हुँदैन।त्यसकारण, यो समय हो कि हामीले सकारात्मकतामा ध्यान केन्द्रित गर्न र अटिजम भएका विद्यार्थीहरूको लागि समान ठाउँ सिर्जना गर्न सुरु गरौं र बुझौं कि यी प्रतिभाशाली, विवरण-उन्मुख दिमागहरूले समुदायमा ठूलो मूल्य थप्न सक्छन्।

विश्व अटिजम जागरूकता दिवसमा, हामीले अटिजम स्पेक्ट्रम विकार भएका बालबालिकाहरूको अद्वितीय प्रकृतिको बारेमा आफूलाई सम्झाउनुपर्छ र उनीहरू को हुन् भनेर परिवर्तन गर्ने प्रयास नगरी उनीहरूको आवश्यकताहरू बुझ्नुपर्छ। एक राष्ट्रको रूपमा, हामीले विद्यालय र समुदायहरूमा थप समावेशी ठाउँहरू निर्माण गर्ने आवश्यकतालाई पहिचान गर्नुपर्छ जहाँ अटिजम भएका बालबालिकाहरूले महत्त्वपूर्ण जीवन सीपहरू विकास गर्न, सामाजिक अन्तरक्रिया बढाउन, उनीहरूको सिकाइ सुधार गर्न र आत्मविश्वास निर्माण गर्न सक्छन्।

समग्रमा हेर्दा अटिजम स्पेक्ट्रम डिसअर्डर भएको जीवन कुनै सामान्य यात्रा होइन, तर सही सहयोग र रणनीतिहरूको साथ, एक पूर्ण जीवन पूर्ण रूपमा पहुँच भित्र छ। तपाईंको वरपरका मानिसहरूबाट समानुभूति र समझदारीले ठूलो फरक पार्छ। जब गैर-द्वन्द्वात्मक समाधानहरू अपनाइन्छ, हामी सबैको अद्वितीय आवश्यकताहरूलाई सम्मान र समायोजन गर्ने समावेशी वातावरणलाई बढावा दिन सक्छौं।अटिजम भनेको एउटा न्युरोलोजिकल डेभलपमेन्ट कन्डिसन हो । यो कुनै सरुवा रोग होइन, न त पछि लाग्ने रोग नै हो । यसलाई सही रूपमा बुझेर, स्वीकार गरेर र उचित सहयोग दिएर यी बालबालिकालाई पनि समाजमा आत्मनिर्भर र सफल बनाउन सकिन्छ ।सँगै, यस्तो संसार सिर्जना गरौं जहाँ विविधताको उत्सव मनाइन्छ, सम्भावनाको पालनपोषण गरिन्छ, र अटिजम भएका प्रत्येक व्यक्तिले जस्तोसुकै चुनौतीहरूको सामना गरे पनि शैक्षिक, सामाजिक र भावनात्मक रूपमा फस्टाउने अवसर पाउँछन्।

## नेपालमा सञ्चारमाध्यमलाई नाथ्ने प्रयास ?

# सरकारी विज्ञापन नीतिले निजी मिडियामाथि बढ्दो दबाब



सुजीत कुमार झा

नेपालमा सञ्चार क्षेत्र यतिबेला गम्भीर संक्रमणको अवस्थामा छ । यस्तै संवेदनशील समयमा सरकारले सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्रै केन्द्रित गर्ने निर्णय गरेपछि निजी मिडियाको भविष्यबारे गम्भीर बहस सुरु भएको छ । प्रश्न उठ्न थालेको छ–यो नीति सुधारको प्रयास हो कि सञ्चारमाध्यमलाई नियन्त्रण गर्ने नयाँ तरिका ?

नेपालको मिडिया उद्योग मूलतः विज्ञापनमा निर्भर छ । विज्ञापनकै आधारमा सञ्चालन हुने निजी सञ्चारमाध्यमहरूका लागि अहिलेको आर्थिक मन्दीले पहिल्यै चुनौती थपेको छ । उद्योग-व्यवसाय संकुचित हुँदा विज्ञापन बजार खुम्चिएको छ । यस्तो अवस्थामा सरकारी विज्ञापन नै कटौती हुनु भनेको निजी मिडियाको जीवनरेखा नै काटिनु सरह हुन सक्छ ।

कोभिड-१९ महामारीपछि नेपाली मिडिया क्षेत्र झन् कमजोर बनेको छ । राजस्व घट्दो, लागत बढ्दो र प्रतिस्पर्धा तीव्र–यी सबै कारणले सञ्चार संस्थाहरू अस्तित्व जोगाउने संघर्षमा छन् । अनलाइन पोर्टल र टेलिभिजन च्यानलहरूको संख्या बढे पनि उनीहरूको आर्थिक आधार सुदृढ हुन सकेको छैन । यस सन्दर्भमा सरकारी विज्ञापनको पहुँच सीमित गर्नुले समस्या झन् गहिरो बनाउने संकेत देखिन्छ ।

यससँगै मिडिया क्षेत्रभित्रका संरचनात्मक कमजोरीहरू पनि उत्तिकै गम्भीर छन् । विज्ञापन वितरणमा बिचौलियाको वर्चस्व, कमिशनको चलखेल र पारदर्शिताको अभावले सञ्चार संस्थाहरूको आर्थिक मेरुदण्ड कमजोर बनाएको छ । कतिपय अवस्थामा सरकारी वा स्थानीय तहका विज्ञापन प्राप्त गर्न अनौपचारिक 'कमिशन' दिनुपर्ने अवस्थासमेत रहेको गुनासो सुनिन्छ । यस्तो विकृतिलाई नियन्त्रण गर्नु सरकारको दायित्व हो, तर समाधानको नाममा निजी मिडियालाई नै वञ्चित गर्नु दीर्घकालीन उपाय हुन सक्दैन ।

नेपालमा प्रेस स्वतन्त्रताको अवस्था सतही रूपमा हेर्दा खुला देखिए पनि व्यवहारमा अनेक प्रकारका दबाबहरू विद्यमान छन् । प्रत्यक्ष सेन्सरसिप नदेखिए पनि 'सेल्फ-सेन्सरसिप' व्यापक छ । विभिन्न शक्ति समूह, राजनीतिक प्रभाव र आर्थिक निर्भरताका कारण सञ्चारमाध्यमहरू धेरै विषयमा खुलेर बोल्न सक्ने अवस्थामा छैनन् । पत्रकारहरू धम्की, त्रास र असुरक्षाबीच काम गर्न बाध्य छन् ।

अर्कोतर्फ, मिडियाप्रति जनविश्वासमा पनि ह्रास आएको देखिन्छ । राजनीतिक ध्रुवीकरण, पक्षपातपूर्ण प्रस्तुति र व्यावसायिक मापदण्डको कमजोरीले सञ्चारमाध्यमहरू आलोचनाको घेरामा छन् । सामाजिक सञ्जालको विस्तारले वैकल्पिक सूचना माध्यमको रूपमा चुनौती थपेको छ, जहाँ अपुष्ट र सतही सामग्रीले समेत प्रभाव जमाइरहेको छ ।

यद्यपि, यी सबै समस्याका बाबजुद सञ्चारमाध्यम लोकतन्त्रको आधार स्तम्भ हुन् । राज्यको चौथो अंगका रूपमा मिडियाले सरकारलाई जवाफदेही बनाउने, जनतालाई सुसूचित गर्ने र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्ने भूमिका खेल्दछ । त्यसैले मिडियाको सुदृढीकरण राज्यकै हितमा हुन्छ ।

नेपालजस्तो राजनीतिक रूपमा विभाजित समाजमा मिडियाको स्वतन्त्रता अझ संवेदनशील विषय हो । कतिपय सञ्चारमाध्यमहरू राजनीतिक प्रभावमा परेको आरोप लागिरहँदा पनि समग्र मिडिया क्षेत्रलाई कमजोर बनाउने नीति दीर्घकालीन रूपमा लोकतन्त्रका लागि हानिकारक हुन सक्छ ।

सरकारी विज्ञापन वितरणको नीति पारदर्शी, न्यायोचित र समावेशी हुनुपर्छ । निजी र सरकारी दुवै सञ्चारमाध्यमलाई समान अवसर दिने, स्पष्ट मापदण्ड तय गर्ने र अनियमितता नियन्त्रण गर्ने दिशामा नीति केन्द्रित हुन आवश्यक छ ।

आजको आवश्यकता मिडियालाई 'नाथ्ने' होइन, सुदृढ, व्यावसायिक र उत्तरदायी बनाउने हो । त्यसका लागि सरकार, सञ्चार संस्था, पत्रकार संगठन र नागरिक समाजबीच समन्वय र सहकार्य अपरिहार्य छ ।

यदि सञ्चार क्षेत्र आर्थिक रूपमा कमजोर बनाइयो भने त्यसको प्रत्यक्ष असर अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अभ्यासमा पर्नेछ । त्यसैले समयमै सचेत हुँदै नीतिगत सुधारमार्फत मिडियाको संरक्षण र प्रवर्द्धन गर्नु आजको प्रमुख आवश्यकता हो ।

## राष्ट्रियसभाका विषयगत समितिमा सदस्य हेरफेर

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रियसभा नियमावली, २०७५ बमोजिम विषयगत समितिहरूमा सदस्यहरूको मनोनयन तथा हेरफेर गर्नुभएको छ । अध्यक्ष दाहालले रेखाकुमारी झा, सम्झना देवकोटा, जगत् तिमल्सेना, वासुदेव घिमिरे र महन्थ ठाकुरलाई विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन गर्नुभएको छ । यसैगरी, सांसद रामकुमारी झाँक्री, प्रेमप्रसाद दङ्गाल, खम्मबहादुर खाती र गीता देवकोटालाई विधायन व्यवस्थापन समितिमा मनोनयन गरिएको छ । सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा सोमनाथ बोर्तेल, मीना सिंह, सुनिलबहादुर थापा, चन्द्र केसी र रञ्जित कर्णलाई मनोनयन गरिएको छ ।

सङ्घीयता सुदृढीकरण तथा राष्ट्रिय सरोकार समितिमा लीलाकुमारी भण्डारी, रोशनी मेचे, ललितजङ्ग शाही र धर्मेन्द्र पासवानलाई मनोनयन गरिएको छ । सभामा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुभएको थियो ।राष्ट्रियसभाको अर्को बैठक भोलि १२ः१५ बजे हुनेछ ।रासस

## लुम्बिनी प्रदेशसभामा दुई विधेयक पेस




लुम्बिनी । लुम्बिनी प्रदेशसभाको आइतबार बसेको बैठकमा दुई वटा विधेयक पेस भएका छन् ।

बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि प्रदेश मामिला तथा कानुन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुभयो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको सभामुख तुलाराम घर्तीमगरले बैठकलाई जानकारी गराउनुभयो । यसैगरी, उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपानेले लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक पेस गर्नुभयो ।

य स अ ि घ आइतबारको बैठकमा बोल्ने प्रदेशसभा सदस्यहरूले गत भदौ २३ र २४ का घटनाको निष्पक्ष छानबिन र दोषीउपर कारबाही हुनुपर्ने माग गरेका छन् । प्रदेशसभा सदस्य रत्नबहादुर खत्रीले भदौ २३ र २४ गतेका आन्दोलनलाई सही रूपमा नबुझिए मुलुक पुनः अस्थिरतातर्फ धकेलिने बताउनुभयो । सदस्य विष्णुप्रसाद पन्थीले कार्की आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने माग गर्नुभयो । यस्तै, प्रदेशसभा सदस्य भण्डारीलाल अहिर, हेमा बेल्वासे, अनुराग खड्का, मीनाकुमारी श्रेष्ठ, चन्द्रकेश गुप्ता, दीपेन्द्र पुन र बसिउद्दिन खाँले विविध विषयमा सरकार तथा सभाको ध्यानाकर्षण गराउनुभएको थियो ।

**स्थानीय तह वित्तीय अनुदानको सीमा निर्धारण**

लुम्बिनी प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गरिने अनुदानको सीमा तथा सवार ीसाधन कर बाँडफाँटसम्बन्धी प्रस्तावहरू स्वीकृत गरेको छ । प्रदेश सरकारले बैठकले प्रदेशभित्र सङ्कलन हुने सवार ीसाधन करको बाँडफाँटसम्बन्धी प्रस्ताव पनि पारित गरेको हो । सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीका अनुसार आगामी आर्थिक वर्ष २०८३/८४ मा स्थानीय तहमा बाँडफाँट हुने सवारीसाधन करको अनुमानित सीमा रु एक अर्ब ४५ करोड निर्धारण गरिएको छ ।

यस्तै आगामी आव २०८३/८४ का लागि स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको सीमा निर्धारणसम्बन्धी प्रस्ताव स्वीकृत गरेको हो । यसैबीच, प्रदेश सरकारले २०८३ सालका लागि थप सार्वजनिक तथा पर्व बिदा पनि निर्धारण गरेको छ । हरितालिका तीज, माघेसङ्क्रान्ति, प्रदेश स्थापना दिवस र वसन्तपञ्चमीका अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको छ । साथै भूम्या पूजा, बड्का अत्तवारी, भगवती जात्रा र मगर दिवसजस्ता पर्वमा सम्बन्धित समुदायलाई बिदा दिने व्यवस्था गरिएको छ ।

बैठकले जीवनाशक विषादी निरीक्षकहरुको कार्यक्षेत्र तोक्ने निर्णय गरेको छ । वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेलाई रुपन्देही, कपिलवस्तु, नवलपर ासी(बर्दघाट सुस्ता पश्चिम), अर्घाखाँची, पाल्पा र गुल्मी तथा अधिकृत एलिजा श्रेष्ठलाई प्युठान, रोल्पा, रुकुमपूर्व, बाँके, बर्दिया र दाङको विषादी निरीक्षकको कार्यक्षेत्र तोकिएको प्रवक्ता पन्थीले जानकारी दिनुभयो ।रासस

## सभामुखबाट संसदीय अभ्यासलाई थप सुदृढ बनाउन भूमिका हुने लामिछानेको विश्वास




काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालबाट सदनको कामकारबाहीलाई थप चुस्त, प्रभावकारी र परिणाममुखी बनाउँदै संसदीय अभ्यासलाई सुदृढ बनाउन भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नुभएको छ ।

सभामुख अर्याललाई आइतबार बधाई दिँदै उहाँले संसद्को गरिमा, मर्यादा र प्रभावकारिता कायम राख्दै निष्पक्ष, सन्तुलित र उत्तरदायी ढङ्गले भूमिका निर्वाह हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

सभापति लामिछानेले सबै राजनीतिक दल तथा सांसदहरूसँग सहकार्य र समन्वय गर्दै प्रभावकारी, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित गर्ने सभामुख अर्यालको दृष्टिकोण सराहनीय भएको बताउनुभयो ।

"सभामुख पदलाई साझा व्यक्तित्वका रूपमा स्थापित गर्ने संसदीय परम्पराअनुरूप उम्मेदवारी दिएदेखि नै उहाँले पार्टीका जिम्मेवारीबाट अलग रहँदै उच्च राजनीतिक नैतिकता र संस्थागत प्रतिबद्धता प्रदर्शन गर्नुभएको थियो ।

यस ऐतिहासिक अवसरमा सभामुखको हैसियतमा उहाँले निष्पक्षता, पारदर्शिता, विधिको शासन तथा संस्थागत मर्यादालाई केन्द्रमा राख्दै सफल र उदाहरणीय कार्यकाल प्रदान गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु", उहाँले भन्नुभयो ।

स भ ा प ि त लामिछानेले ज्येष्ठ सदस्यको हैसियतमा प्रतिनिधिसभाको बैठकको अध्यक्षता गर्दै प्रारम्भिक चरणमा सदनको कार्य सञ्चालनलाई प्रभावकारी रूपमा अघि बढाएकामा अर्जुननरसिंह केसीलाई धन्यवाद दिनुभयो । सभामुख अर्यालले आजै पदभार ग्रहण रिसक्नुभएको छ ।रासस

## युवाहरूले फेरि आन्दोलन गर्नु नपर्ने गरी कानुन र नीति बनाउन ध्यान दिन्छु: सभामुख अर्याल



काठमाण्डु । प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले आगामी दिनमा जेनजी युवाले आन्दोलन गर्न नपर्ने गरी कानुन, नीति र नियम बनाउन आफूले ध्यान दिने बताउनुभएको छ ।सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा पदभार ग्रहणपछि प्रतिक्रिया दिँदै उहाँले धेरै जनाको ज्यान जाने र भौतिक क्षति हुने गरी भएको जेनजी आन्दोलनपछिको निर्वाचनबाट आफूहरू नेतृत्वमा आएकाले आगामी दिनमा त्यस्तो घटना नहोस् भन्नेतर्फ ध्यान दिने बताउनुभएको हो ।

सभामुख अर्यालले आन्दोलनमा ध्वस्त भएका संरचना बनाउन नयाँ कानुन आवश्यक नपर्ने र आवश्यक परे नयाँ कानुन बनाएर छिटो संरचना बनाउने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले संसद्को गरिमा, मर्यादा र प्रभावकारिता कायम राख्दै निष्पक्ष, सन्तुलित र उत्तरदायी ढङ्गले भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सभामुख अर्यालले सबै राजनीतिक दल तथा सांसदहरूसँग सहकार्य र समन्वय गरी संसद्लाई प्रभावकारी, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित गरिने बताउनुभयो ।रासस

## उद्यमीबाट सभामुखसम्मको अर्यालको राजनीतिक यात्रा



काठमाण्डु । धादिङको ज्वालामुखी गाउँपालिकामा २०३१ साल भदौ ६ गते जन्मनुभएका राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष डोलप्रसाद अर्याल प्रतिनिधिसभाको दसौँ सभामुखमा निर्विरोध निर्वाचित हुनुभएको छ ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ काठमाडौँ क्षेत्र नं ९ बाट निर्वाचित हुनुभएको थियो । निरन्तरको सङ्घर्षबाट वैकल्पिक राजनीति यात्रामा होमिनुभएका अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको जिम्मेवारी वहन गरिसक्नुभएको छ ।नवनिर्वाचित सभामुखमा अर्यालले जापानलगायत विभिन्न देशमा अध्ययन, अनुसन्धान, रोजगारी तथा व्यवसाय सञ्चालन गर्नुभएको थियो । वर्षदेखि स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वासका साथ विगत २५ वर्षदेखि पर्यटन, शिक्षा र वित्तीय क्षेत्रमा उहाँ क्रियाशील हुनुहुन्छ ।

व्यवसाय र राजनीतिलाई सँगसँगै अघि बढाउनुभएका अर्यालले २०७९ सालमा राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका संस्थापक उपाध्यक्ष हुनुहुन्छ । संसद्को अघिल्लो कार्यकालमा श्रममन्त्रीको जिम्मेवारीमा रहँदा उहाँले श्रमिकका अधिकार रक्षा, वैदेशिक रोजगार प्रणालीमा पक्रियागत सुधार र सामाजिक सुरक्षाका खातिर उल्लेखनीय योगदान गर्नुभएको थियो ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्याललाई सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो । नवनिर्वाचित सभामुख अर्यालले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसँग पद तथा गोपनियताको सपथ लिने कार्यक्रम छ ।प्रतिनिधिसभाको सभामुख पदमा अन्य दलका तर्फबाट उम्मेदवारी नपरेपछि अर्याल निर्विरोध निर्वाचित हुनुभएको हो । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२ सांसद हुनुहुन्छ । संसद्का प्रमुख अर्याललाई कानुन निर्माण, सरकारका गतिविधिको निगरानीका साथै राजनीतिक ध्रुवीकरण र दलहरूको मतभेद अन्त्य गर्न सन्तुलित ढङ्गले संसद् सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

विधेयक र प्रस्तावहरूको समयमै व्यवस्थापन, सांसदहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु र नियमावलीको पालना गराउनु पनि चुनौतीपूर्ण छ । सभामुखले दलीय दबाब र व्यक्तिगत राजनीतिक हितभन्दा पर रही निष्पक्ष निर्णय लिनुपर्ने अवस्था छ भने जनताबाट उच्च अपेक्षा र उहाँको दायित्व बनेको छ । रासस

## एफएनसिसिआई निर्वाचनः वस्तुगततर्फ घिमिरे समूहद्वारा उम्मेदवारी दर्ता




काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) को आगामी निर्वाचनका लागि वस्तुगततर्फ उपाध्यक्ष पदका उम्मेदवार शिवप्रसाद घिमिरेको समूहले उम्मेदवारी दर्ता गराएको छ ।

घिमिरेको समूहले वस्तुगततर्फका सबै क्षेत्रलाई समेटेर उम्मेदवारी दर्ता गराएको हो । वस्तुगत सङ्घतर्फको कार्यकारिणी सदस्यमा डेरी तथा दुग्ध पदार्थ उत्पादन र प्रशोधन क्षेत्रबाट अरनिको राजभण्डारी, पोल्ट्री व्यवसायबाट रवीन पुरी, अलैँची उत्पादन तथा निर्यातबाट राजकुमार कार्की, बीउ-बिजन क्षेत्रबाट वसन्तचन्द्र मरहट्ठाको उम्मेदवारी परेको छ ।

एफएनसिसिआईका अनुसार कृषि बजारीकरण क्षेत्रबाट सुनिता न्हेम्हाफुकी, पस्मिना उत्पादन तथा निर्यात क्षेत्रबाट धनप्रसाद लामिछाने, सौर्य ऊर्जा तथा बायोग्यास क्षेत्रबाट एबबहादुर थापा मगर, स्टक शेयर बजार क्षेत्रबाट धर्मराज सापकोटा र सिमेन्ट उत्पादन क्षेत्रबाट रघुनन्दन मारुको उम्मेदवारी दर्ता भएको छ ।

यसैगरी, प्लाइउड उत्पादन तथा निर्यात क्षेत्रबाट होमप्रसाद घिमिरे, फ्लोरिकल्चर उत्पादन क्षेत्रबाट राजेशभक्त श्रेष्ठ, खानेपानी उत्पादन तथा व्यवस्थापन क्षेत्रबाट ध्रुवबहादुर गौतम, टुरिजम तथा होटल व्यवसायबाट सङ्घर्ष बिष्ट, जुत्ता चप्पल उत्पादन क्षेत्रबाट नानीराज घिमिरे, यातायात तथा पारवहनबाट विश्वनाथ खनाल र ईँटा उद्योगबाट कृष्णप्रसाद अवालले उम्मेदवारी दर्ता गराउनुभएका छ ।एफएनसिसिआईको ६० औँ साधारणासभा तथा निर्वाचन यही चैत २९ र ३० गते यहाँ हुँदैछ ।रासस

## कोशी प्रदेशसभा बैठक




विराटनगर । कोशी प्रदेशसभाको आइतबार बसेको बैठकमा विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको तर्फबाट रामबहादुर राना मगरले प्राकृतिक विपतीबाट पूर्वी नेपालको इलाममा धेरै क्षति भएको बताउनुभयो । प्रदेशसभा सदस्य मगरले गत वर्ष बाढी पहिरोबाट इलाममा अत्यधिक क्षति भएको जानकारी दिँदै यस वर्ष मनसुनमा उक्त जिल्लामा थप क्षति हुन नदिन भौतिक संरचनाको निर्माणका लागि बजेट विनियोजन गर्न माग गर्नुभयो । उहाँले इलाममा पुल र सडकतर्फ मात्र करिब रु तीन अर्ब २७ करोड र खानेपानीतर्फ करिब रु ५० करोडको क्षति भएको बताउनुभयो ।

प्रदेशसभा सदस्य जयप्रकाश चौधरीले कोशी प्रदेशमा आदिवासी र जनजातिको बाहुल्यता रहेकाले ग्रामथान संरक्षण हुनुपर्ने माग गर्नुभयो । उहाँले ग्रामथान आदिवासीको पहिचान र संस्कृति भएकाले यसलाई ऐन नै बनाएर संरक्षण गर्नुपर्ने सुझाव दिनुभयो ।राष्ट्रिय प्रजातन्त्र पार्टी प्रदेशसभा संसदीय दलको तर्फबाट गोपालबहादुर विश्वकर्माले नेपालमा दलित र जनजाति लामो समयदेखि विभेद तथा उत्पीडनमा परेकाले उनीहरुको सम्मान र उत्थानमा सरकार गम्भीर हुनुपर्ने कुरामा जोड दिनुभयो ।

जनता समाजवादी पार्टी कोशी प्रदेशसभा संसदीय दलको तर्फबाट निर्मला लिम्बूले कोशी प्रदेशसभा बैठक कहिले पनि निर्धारित समयमा सञ्चालन हुन नसकेको गुनासो गर्नुभयो ।बैठकमा सभाको शून्य समय र विशेष समयमा कोशी प्रदेशसभा सदस्यहरुले उठाउनुभएका जिज्ञासा र प्रश्नको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयसँग सम्बन्धित विषयमा सो मन्त्रालयका मन्त्री प्रदीपकुमार सुनुवार र सामाजिक विकास मन्त्रालसँग सम्बन्धित विषयमा सो मन्त्रालयका मन्त्री रामप्रसाद मेहताले जवाफ दिनुभएको थियो ।

**शून्य समय**

शून्य समयमा कोशी प्रदेशसभा सदस्य निमसरी राजवंशी, विद्या चाम्लिङ राई, मैया श्रेष्ठ, लखीकुमारी गणेशी, राधाकृष्ण खनाल, तारादेवी ढकाल, नम्बरलाल धिमाल, गीतादेवी रेग्मी, कमला थापा मगर, निरन राई, ललिताकुमारी चौधरी र नीरादेवी खनालले विविध विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो । सभाको अर्को बैठक सोमबार अपराह्न १ बजे बस्नेछ ।रासस

## "बिदा पायौँ भनेर घुम्न नजानुस्, इन्धन खपतमा सजग रहौँ"



काठमाडौँ, २२ चैतः नेपाल आयाल निगमनले इन्धन खपतप्रति सचेत हुन उपभोक्तालाई आग्रह गरेको छ। मन्त्रिपरिषद्को आइतबार बसेको बैठकले सोमबारदेखि शनिबार र आइतबार बिदा दिने निर्णयलाई उपाभोक्ताले सहयोग गर्नुपर्ने निगमका प्रवक्ता मनोज ठाकुरले बताउनुभयो ।

"बिदा पायौँ भनेर गाडी निकालेर घुम्न जानुभएन । जसरी भए पनि इन्धन खपत कम गर्ने हो । यसमा जनताको पनि योगदान चाहिन्छ", प्रवक्ता ठाकुरले भन्नुभयो, "अहिले निगमलाई प्रतिलिटरमा रु १२० घाटा भइरहेको छ । सरकारको इन्धन खपत कम गर्न बिदा दिने निर्णय सकारात्मक छ । उपभोक्ताले पनि खपतमा सचेत हुँदै अति आवश्यकबाहेकका क्रियाकलापमा इन्धन खपत गर्नु भएन ।"

पेट्रोलियम पदार्थको आपूर्ति सङ्कट दिनप्रतिदिन बढ्दै गएपछि आजको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि लागू हुने गरी सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थालाई दुई दिन बिदा दिने निर्णय गरेको हो । इन्धन खपत कम गर्न डिजेल तथा पेट्रोल प्रयोग गर्ने गाडीलाई विद्युतीय सवारी साधन परिवर्तन गर्न कानुनी सुधार गर्ने सरकारको निर्णयबारे सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

निगमको तथ्याङ्कअनुसार देशभर हरेक दिन २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुँदै आएको छ । निगमका प्रवक्ता ठाकुर सरकारको यो निर्णयले इन्धन सङ्कट कम गर्न कति योगदान पुग्छ भन्ने यकिन गर्न आगामी एक हप्ता कुर्न पर्ने बताउनुहुन्छ ।"बजारको माग बुझ्न केही समय लाग्छ, तर यसको प्रभाव पक्कै देखिन्छ", उहाँले भन्नुभयो, "धेरै विद्यालय निजी छन् । तिनले सवारीसाधनबाट ठूलो मात्रामा इन्धन खपत भइरहेको छ । साथै एसइई परीक्षा जारी रहेकाले सवारीसाधनको प्रयोग अझै उच्च छ । परीक्षा सकिएपछि खपतको यकिन तथ्याङ्क आउछ ।"

**तत्कालका लागि सरकारको निर्णय ठिक छ, पर्याप्त हैनः अर्थशास्त्री**

सरकारको यो निर्णय तत्कालका लागि आवश्यक भएको अर्थशास्त्रीहरुको राय छ । तर दीर्घकालीन समाधान छिट्टै खोज्नपर्ने उहाँहरुको सुझाब छ। अर्थशास्त्री इसान खरेल यो निर्णयलाई अपरिहार्य मान्नुहुन्छ । उहाँले तत्काल थप अन्य उपाय अपनाउन आवश्यकता औँल्याउनुभयो । "अहिलेको अवस्थामा गर्नैपर्ने हो, अरु विकल्प छैन", उहाँले भन्नुभयो, "सरकारले इन्धनमा लिने कर केही प्रतिशत घटाउनुपर्छ । यसले उपभोक्तालाई राहत दिन्छ । तात्विक भिन्नता नदेखिन पनि सक्छ । थोरबहुत सहयोगी होला । थोरै भए पनि बचत होला ।"

अर्थशास्त्री खरेलले सार्वजनिक यातायातलाई प्रोत्साहन, विद्युतीय सवारीसाधनको विस्तार र भारतसँगको सीमा मूल्य मिल्ने गरी अतिरिक्त लागत कटौती गर्नुपर्ने सुझाव दिनुभयो । अर्का अर्थशास्त्री डा सन्तोष अधिकारीले यो निर्णय तत्कालका लागि उचित भएको प्रतिक्रिया दिनुभयो ।"अहिलेको अभावको सन्दर्भमा यो ठिकै छ । यसले इन्धनमा केही सहज होला", उहाँले भन्नुभयो, "नेपालमा सरकारी बिदा पहिले नै धेरै छ । थप बिदाले अध्यापन र उत्पादकत्वमा नकारात्मक असर पार्नसक्छ ।"रासस

## ओली र नेता लेखकको रिट हेर्दाहेर्दैमा




काठमाण्डु । सर्वोच्च अदालतले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली एवं पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता एवं पूर्व गृहमन्त्री रमेश लेखकलाई थुनामुक्त माग गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा हेर्दाहेर्दैमा सोमबार सुनुवाइ हुने भएको छ ।

न्यायाधीश विनोद शर्मा र सुनिलकुमार पोखरेलले आइतबार सुनुवाइ सुरू गर्दागर्दै समय नभ्याएका कारण सोमबार सुनुवाइ हुने अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो । अध्यक्ष ओलीकी पत्नी राधिका शाक्य र नेता लेखककी पत्नी यशोदा लेखकले यही चैत १५ गते गैरकानुनी थुनामा राखिएको उल्लेख गर्दै थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो ।

यसअघि, न्यायाधीश मेघराज पोखरेलको इजलासले अध्यक्ष ओली र न्यायाधीश कुमार रेग्मीको इजलासले नेता लेखकको यही चैत १६ गते बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा कारण देखाउ आदेश गरेको थियो । रिट निवेदनमा गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसका आधारमा पक्राउ गर्नु र थुनामा राख्नु गैरकानुनी भएको उल्लेख गरिएको छ । रिट निवेदनमा कुनै पनि जाँचबुझ आयोगले प्रतिवेदनकै आधारमा सिधै पक्राउ गर्ने कुरा कानुनसम्मत उल्लेख छ ।रासस

## राष्ट्रपतिसमक्ष सभामुखको शपथ

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

राष्ट्रपति भवनमा आइतबार आयोजित विशेष समारोहमा सभामुख अर्यालले शपथ लिनुभएको हो ।



त्यस अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीको उपस्थिति थियो ।रासस

# मध्यपूर्व युद्धले युक्रेन ओझेलमा

एपी

इस्तानबुल । मध्यपूर्वमा चर्किंदै गएको युद्धले युक्रेनलाई अन्तर्राष्ट्रिय प्राथमिकताबाट पछाडि धकेल्न सक्ने चिन्ता युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले व्यक्त गर्नुभएको छ । उहाँका अनुसार इरान केन्द्रित अमेरिकी-इजरायली सैन्य संलग्नता लम्बिँदै जाँदा वासिङ्टनको ध्यान विभाजित भइरहेको छ, जसले युक्रेनका लागि आवश्यक सैन्य सहयोग अझ कमजोर हुनसक्ने सङ्केत देखिएको छ ।

इस्तानबुलमा एसोसिएटेड प्रेससँग शनिबार राति भएको विशेष अन्तर्वार्तामा जेलेन्स्कीले स्पष्ट रूपमा भन्नुभयो, "हामीले स्वीकार्नुपर्छ कि हामी अहिले प्राथमिकतामा छैनौँ ।" उहाँले लामो समयसम्म इरानसँगको युद्ध जारी रहे युक्रेनले पाउने सहयोग झन् घट्ने डर व्यक्त गर्नुभयो ।युक्रेनले रुसको निरन्तर आक्रमणको सामना गरिरहँदा विशेषगरी अमेरिकी 'पेट्रियट' हवाई रक्षा प्रणालीको आवश्यकता अत्यन्तै बढेको उहाँले बताउनुभयो । यी प्रणालीहरू रूसी ब्यालिस्टिक क्षेप्यास्त्र रोक्न महत्त्वपूर्ण मानिन्छन्, तर हालसम्म पर्याप्त सङ्ख्यामा उपलब्ध नभएको उहाँको गुनासो छ । "यदि इरान युद्ध चाँडै टुङ्गिएन भने हाम्रो लागि आउने सहायता प्याकेज झन् सानो हुँदै जानेछ", उहाँले भन्नुभयो ।

चार वर्षअघि सुरु भएको रुसी आक्रमणपछि युक्रेनका सहरहरू निरन्तर निशानामा परिरहेका छन् । ऊर्जा पूर्वाधारमा आक्रमण हुँदा औद्योगिक उत्पादनमा अवरोध आएको छ भने जाडो मौसममा सर्वसाधारण आधारभूत सुविधाबाट समेत वञ्चित भएका छन् । हजारौँ नागरिकको ज्यान गएको यो द्वन्द्व अझै निर्णायक मोडमा पुग्न सकेको छैन । फेब्रुअरीमा मस्को र किएभबीच अमेरिकाको मध्यस्थतामा भएको वार्ता निष्कर्षविहीन बनेको थियो । जेलेन्स्कीले रुसले वार्ता लम्ब्याउने रणनीति अपनाएको आरोप लगाउँदै सम्भावित शान्ति सम्झौताका लागि अमेरिकी पक्षसँग निरन्तर सम्पर्कमा रहेको बताउनुभयो । यद्यपि, उहाँका अनुसार ती कूटनीतिक प्रयासहरूले पनि युक्रेनप्रति घट्दो अन्तर्राष्ट्रिय ध्यान झल्काउँछन् ।

मध्यपूर्व युद्धको प्रभाव केवल कूटनीतिक तहमा मात्र नभइ, आर्थिक र सैन्य सन्तुलनमा पनि देखिएको छ । इरानले स्ट्रेट अफ होर्मुजमा अवरोध सिर्जना गरेपछि तेलको मूल्य बढेको छ, जसबाट रुसलाई अतिरिक्त आम्दानी भइरहेको जेलेन्स्कीले उल्लेख गर्नुभयो । "यसले रुसलाई फाइदा पुगेको छ", उहाँले भन्नुभयो । यसले रुसको अर्थतन्त्र कमजोर पार्ने युक्रेनको रणनीतिक उद्देश्यलाई चुनौती दिएको छ ।



स्रोतको अभाव बढ्दै जाँदा युक्रेनले युरोपेली साझेदारहरूसँग सहकार्य विस्तार गर्ने प्रयास गरेको छ । साथै, इरानद्वारा प्रयोग गरिएका ड्रोनविरुद्ध लडाइँमा हासिल अनुभव खाडी मुलुकहरूसँग बाँड्ने प्रस्ताव पनि अघि सारेको छ । युक्रेनले कम लागतमा विकसित गरेका इन्टरसेप्टर ड्रोन र समुद्री ड्रोनहरू साझा गर्दै त्यसको बदलामा एन्टी-ब्यालिस्टिक क्षमतामा सहयोग प्राप्त गर्ने रणनीति अघि बढाइएको छ ।

मार्च अन्त्यतिर जेलेन्स्कीले खाडी क्षेत्रको भ्रमण गर्दै रक्षा सहकार्य विस्तार गर्ने प्रयास गर्नुभएको थियो । त्यस्तै, विश्वव्यापी व्यापार मार्गको सुरक्षामा सहयोग पुऱ्याउने प्रस्तावस्वरूप स्ट्रेट अफ होर्मुज खुलाउन युक्रेनको अनुभव उपयोगी हुन सक्ने उहाँको धारणा छ ।इस्तानबुलमै टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनसँग भएको भेटमा शान्ति वार्ता र सम्भावित उच्चस्तरीय बैठकबारे छलफल भएको जनाइएको छ । दुई देशबीच नयाँ रक्षा सम्झौता हुने सम्भावनासमेत उहाँले औँल्याउनुभयो ।

उता, युद्धक्षेत्रमा रुसले वसन्त आक्रमणलाई तीव्र बनाएको छ । करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा युक्रेनी सेना दबाबमा रहेको छ भने रुसले रणनीतिक क्षेत्रमा रक्षा रेखा भत्काउने प्रयास गरिरहेको युक्रेनी सेनाका प्रमुख ओलेक्सान्डर सिरस्कीले बताउनुभयो । हालसम्म रुसले युक्रेनको करिब २० प्रतिशत भूभाग नियन्त्रणमा राखेको छ ।यद्यपि, जेलेन्स्कीले कुनै पनि शान्ति सम्झौतामा भूभाग त्याग्ने विकल्प युक्रेनका लागि स्वीकार्य नहुने स्पष्ट पार्नुभएको छ ।

**मध्यपूर्वमा युद्धको दायरा विस्तार**

मध्यपूर्वमा युद्धको तीव्रता थप बढ्दै जाँदा विभिन्न देशमा आक्रमण, प्रतिआक्रमण र कूटनीतिक टकराव एकैसाथ चर्किएका छन् । पछिल्ला घटनाक्रमहरूले क्षेत्रीय स्थिरता थप जटिल बन्दै गएको सङ्केत गरेका छन्, जहाँ सैन्य कारबाहीसँगै राजनीतिक चेतावनी र आरोप-प्रत्यारोप पनि तीव्र बनेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानभित्र खसालिएको दोस्रो अमेरिकी एयरम्यानलाई सफलतापूर्वक उद्धार गरिएको जानकारी दिनुभएको छ । उहाँका अनुसार उक्त एयरम्यान अहिले सुरक्षित अवस्थामा छन्, यद्यपि उनी घाइते भएको बताइएको छ । उद्धारका लागि अमेरिकी सेनाले उच्च क्षमताका दर्जनौँ विमान परिचालन गरेको उल्लेख गरिएको छ । यसैबीच, इरानी सञ्चारमाध्यमहरूले अमेरिकी खोजी अभियानमा संलग्न एक विमान इरानले नष्ट गरेको दाबी गरेका छन् ।

क्षेत्रीय प्रभाव विस्तार हुँदै जाँदा बहराइनमा इरानी आक्रमणपछि एक संरचनामा आगलागी भएको र नागरिक सुरक्षा टोलीले त्यसलाई नियन्त्रणमा लिएको जानकारी दिइएको छ । उक्त घटनामा मानवीय क्षतिको विवरण भने सार्वजनिक गरिएको छैन । त्यस्तै, संयुक्त अरब इमिरेट्सले आफ्नो एल्युमिनियम उद्योगलाई लक्षित गर्दै इरानले मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ, जसको प्रतिकारस्वरूप हवाई सुरक्षा प्रणाली सक्रिय पारिएको छ ।

कुवेतमा पनि इरानी ड्रोन आक्रमणले ऊर्जा पूर्वाधारमा असर पारेको छ । दुई पावर र पानी प्रशोधन केन्द्रमा क्षति पुगेको र दुई विद्युत् उत्पादन एकाइ बन्द गर्नुपरेको अधिकारीहरूले जानकारी दिए । कुवेत सहरको सरकारी भवनमा पनि आक्रमण हुँदा 'महत्त्वपूर्ण' क्षति पुगेको जनाइएको छ, तर कुनै मानवीय क्षति भने रिपोर्ट भएको छैन । कुवेती सेनाले मिसाइल र ड्रोन अवरोध गर्न निरन्तर प्रयास भइरहेको जनाएको छ ।इजरायलतर्फ लक्षित गर्दै इरानबाट क्षेप्यास्त्र प्रहार गरिएको इजरायली सेनाले पुष्टि गरेको छ । जेरुसेलममा तीव्र विस्फोटका आवाजहरू सुनिएको र कम्तीमा छ वटा विस्फोट भएको प्रत्यक्षदर्शीहरूले बताए । अघिल्लो दिन तेल अभिव र मध्य इजरायलमा भएका आक्रमणमा पाँच जना घाइते भएको जानकारी दिइएको छ । साथै, यमनबाट इजरायलतर्फ प्रक्षेपण गरिएको क्षेप्यास्त्र पनि पत्ता लागेको र त्यसलाई रोक्न हवाई सुरक्षा प्रणाली परिचालन गरिएको छ ।

इरानको उत्तरपश्चिमी अर्दबिल प्रान्तमा अमेरिका-इजरायलद्वारा गरिएको आक्रमणमा तीन जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । त्यस्तै, अन्य आक्रमणहरूमा आणविक संयन्त्र, औद्योगिक क्षेत्र र पेट्रोकेमिकल केन्द्रहरू लक्षित भएको बताइएको छ, जसमा पाँच जनाको मृत्यु भएको दाबी गरिएको छ । बुशहर आणविक केन्द्र नजिकै भएको आक्रमणमा एक सुरक्षाकर्मीको मृत्यु भए पनि विकिरण स्तरमा वृद्धि नदेखिएको अन्तर ाष्ट्रिय निगरानी निकायले जनाएको छ ।राजनीतिक मोर्चामा तनाव थप बढेको छ । इरानले ४८ घण्टाभित्र शान्ति सम्झौता नगरे कडा कारबाही गर्ने ट्रम्पको चेतावनी अस्वीकार गरेको छ । इरानी सैन्य नेतृत्वले उक्त चेतावनीलाई असन्तुलित र अविवेकी कदमको संज्ञा दिएको छ । ट्रम्पले भने तेहरानमा भएको आक्रमणमा इरानका धेरै सैन्य नेताहरू मारिएको दाबी गर्नुभयो ।

यसैबीच, खाडी क्षेत्रमा रणनीतिक रूपमा महत्त्वपूर्ण स्ट्रेट अफ होर्मुजमा आंशिक प्रतिबन्ध कायम राख्दै इरानले इराकी जहाजहरूलाई भने आवतजावतको अनुमति दिएको जनाएको छ । उता, अमेरिकी प्रशासनले इरानी जनरल कासिम सुलेमानीका परिवारका दुई सदस्यलाई आवास अनुमति रद्द गरेपछि पक्राउ गरेको जानकारी दिएको छ, यद्यपि इरानी स्रोतहरूले ती व्यक्तिहरू सम्बन्धित नभएको दाबी गरेका छन् ।लेबनानको दक्षिणी सहर टायरमा इजरायलले पुनः आक्रमण गरेको छ, जसले अस्पतालसहितका संरचनामा क्षति पुऱ्याएको जनाइएको छ । यसैबीच, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनले युद्धले भू-रणनीतिक गतिरोध निम्त्याएको उल्लेख गर्दै द्वन्द्व अन्त्यका लागि नयाँ कूटनीतिक पहल आवश्यक रहेको बताउनुभएको छ ।

## 'अर्टेमिस-२' : 'एपोलो' को ५३ वर्ष पुरानो रेकर्ड तोड्ने अभियान

एपी

वाशिङ्टन । नासाको 'अर्टेमिस-२' अभियान अहिले चन्द्रमातर्फको यात्रामा पूर्ण रूपमा सक्रिय छ, र चालक दलले ऐतिहासिक चन्द्र परिक्रमा तयारी गरिरहेका छन् । यो अभियानले 'एपोलो-१३' को रेकर्ड तोड्ने लक्ष्य राखेको छ, जसले अन्तरिक्ष अन्वेषणमा नयाँ माइलस्टोन तय गर्नेछ । अभियानमा तीन अमेरिकी र एक क्यानाडेली चालक दल छन्, जसले चन्द्रमाको रहस्यमय फोटो खिच्ने योजना बनाएका छन् । अन्तरिक्ष यानको पाइलट भिक्टर ग्लोभरले यात्राको अनुभव साझा गर्दै भन्नुभयो," पृथ्वी सानो देखिन्छ, र चन्द्रमा निश्चित रूपमा ठूलो हुँदै गएको छ ।"

तर यात्रामा प्राविधिक चुनौतीहरू पनि देखा परेका छन् । अन्तरिक्ष यानको शौचालय लगातार समस्या देखाइरहेको छ, जसका कारण मिशन कन्ट्रोलले आकस्मिक रूपमा अतिरिक्त मुठ्ठा-सङ्ग्रह ब्याग प्रयोग गर्न निर्देशन दिएको छ ।

नासा इन्जिनियरहरूले शौचालयमा बर्फले युरिनको लाइन अवरुद्ध गरिरहेका अनुमान गरेका छन् , जसले 'फ्लशिङ्ग' प्रक्रिया पूर्ण रूपमा काम गर्न नदिएको हो । शौचालयमा दुर्गन्ध पनि देखिएको छ, र यसले चालक दललाई असुविधा दिइरहेको छ । शौचालय अन्तरिक्ष यानको तल भागमा राखिएको छ, जहाँ गोपनीयताको लागि ढोका र पर्दा पनि छ । नासाको अरीअन कार्यक्रमकी उप-प्रमुख व्यवस्थापक डेबी कोर्थले यस प्रकारका अन्तरिक्ष शौचालय समस्याहरू सामान्य चुनौती भएको बताउनुभयो र अन्तरिक्ष यानको शौचालय प्रायः अनपेक्षित समस्यामा पर्ने गरेको उल्लेख गर्नुभएको छ ।

अन्तरिक्ष यानको यात्राले वैज्ञानिक र प्राविधिक उद्देश्यहरू पनि पूरा गर्दैछ । चालक दलले चन्द्रमाको तल्लो भाग र रहस्यमय पार्श्वको विस्तृत फोटो खिच्ने छन्, जसले भविष्यमा अन्तरिक्ष अनुसन्धान र मानवयुक्त अन्वेषणका लागि महत्वपूर्ण डाटा उपलब्ध गराउनेछ ।

# इरानभित्र 'दोस्रो एयरम्यान' उद्धार दाबी

एएफपी

तेहरान । मध्यपूर्वमा चर्किंदो युद्धका बीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानभित्र खसालिएको दोस्रो अमेरिकी एयरम्यानलाई सफलतापूर्वक उद्धार गरिएको दाबी गर्नुभएको छ । उहाँले उक्त अपरेसनलाई अमेरिकी सैन्य इतिहासकै 'सबैभन्दा साहसी खोजी तथा उद्धार अभियानमध्ये एक' भन्दै उल्लेख गर्नुभयो ।



ट्रम्पका अनुसार एयरम्यान शत्रु नियन्त्रणमा रहेको कठिन पहाडी क्षेत्रमा फसेका थिए र उनीमाथि खोजी अभियान चलिरहेको अवस्थामा अमेरिकी सेनाले उच्च जोखिम मोलेर उद्धार गरेको हो । उहाँले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत एयरम्यान घाइते भए पनि सुरक्षित अवस्थामा रहेको जानकारी दिनुभयो । यसअघि अर्को एक पाइलटलाई पनि उद्धार गरिएको तर दोस्रो अभियान प्रभावित नहोस् भनेर सार्वजनिक नगरेको उहाँले स्पष्ट पार्नुभयो ।

यस घटनासँगै क्षेत्रीय तनाव थप चर्किएको छ । ट्रम्पले इरानलाई ४८ घण्टाभित्र सम्झौता गर्न वा 'गम्भीर परिणाम' भोग्न चेतावनी दिएको भोलिपल्टै उद्धारको घोषणा आएको हो । सोही क्रममा इरानले बहराइन, इजरायल, कुवेत र अबु धाबीमा मिसाइल तथा ड्रोन आक्रमण गरेको बताइएको छ ।इरानी सञ्चारमाध्यमका अनुसार अमेरिकी उद्धार प्रयाससँग सम्बन्धित आक्रमणमा पाँच जनाको मृत्यु भएको छ । इरानले आफ्नो सेनाले विमान खसालेको दाबी गरे पनि अमेरिकी प्रशासनले त्यसबारे औपचारिक पुष्टि गरेको छैन ।

फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायलको आक्रमणपछि फैलिएको युद्धले अहिले मध्यपूर्वका धेरै देश समेट्दै विश्व अर्थतन्त्रमा समेत प्रभाव पारेको छ । इरानले रणनीतिक रूपमा महत्त्वपूर्ण स्ट्रेट अफ होर्मुजमा अवरोध सिर्जना गर्दै इजरायल र खाडी क्षेत्रका देशहरूमाथि आक्रमण जारी राखेको छ ।उता, इरानभित्र पनि अमेरिका-इजरायलका हमलाहरूले औद्योगिक तथा ऊर्जा संरचनामा ठूलो क्षति पुऱ्याएका छन् । खुजेस्तान प्रान्तको पेट्रोकेमिकल केन्द्रमा भएको आक्रमणमा पाँच जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

राजनीतिक रूपमा पनि दुवै पक्षबीच कडा शब्दयुद्ध जारी छ । ट्रम्पले 'समय सकिँदै गएको' चेतावनी दिँदै इरानमाथि दबाब बढाउनुभएको छ भने इरानी सैन्य नेतृत्वले त्यसलाई अस्वीकार गर्दै उल्टै कडा प्रतिक्रिया जनाएको छ ।

जनरल अली अब्दुल्लाह अलीआबादीले अमेरिकी चेतावनीलाई असन्तुलित र अविवेकी कदम भन्दै 'नरकका ढोका खुल्ने' चेतावनी दिनुभयो ।यसैबीच, पाकिस्तानले युद्ध अन्त्यका लागि मध्यस्थता प्रस्ताव गरेको छ र कूटनीतिक पहल सुरु भएको सङ्केत देखिएको छ । तर मैदानमा हिंसा घट्ने कुनै स्पष्ट सङ्केत देखिएको छैन । बहराइनमा ऊर्जा भण्डारण ट्याङ्कीमा ड्रोन आक्रमणबाट आगलागी भएको छ भने अबु धाबीको पेट्रोकेमिकल संरचनामा पनि क्षति पुगेको छ ।

लेबनानमा इरान समर्थित हिजबुल्लाहले इजरायली युद्धपोतलाई लक्षित गरी क्रुज मिसाइल प्रहार गरेको दाबी गरेको छ, यद्यपि इजरायलले त्यसको पुष्टि गरेको छैन । दक्षिणी लेबनानका बासिन्दाहरू निरन्तर बमबारीबीच भयभीत अवस्थामा जीवन बिताइरहेका छन् । स्थानीयवासीहरूले रातभर गोलाबारी नरोकिने र सुत्न नसकिएको बताएका छन् ।

इरानको बुशहर आणविक संयन्त्र नजिकै भएको आक्रमणले थप चिन्ता बढाएको छ । उक्त घटनामा एक सुरक्षाकर्मीको मृत्यु भएको छ भने रुसले त्यहाँ कार्यरत आफ्ना १९८ कामदारहरू फिर्ता बोलाउने निर्णय गरेको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले निरन्तर आक्रमण जारी रहे रेडियोधर्मी जोखिम फैलिन सक्ने चेतावनी दिनुभएको छ, जसको असर खाडी क्षेत्रका देशहरूमा समेत पर्न सक्ने बताइएको छ ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले विकिरण स्तर नबढेको जनाएको भए पनि पछिल्ला आक्रमणप्रति गहिरो चिन्ता व्यक्त गरेको छ । पूर्व प्रमुख मोहम्मद एल-बरादेईले खाडी राष्ट्रहरूलाई क्षेत्रलाई थप विनाशबाट जोगाउन सक्रिय भूमिका खेल्न आह्वान गर्नुभयो ।युद्धकै पृष्ठभूमिमा इरानभित्र आन्तरिक दमन पनि तीव्र भएको छ । सरकारले विरोध प्रदर्शन दबाउँदै दुई जनालाई मृत्युदण्ड दिने घोषणा गरेको छ भने इन्टरनेट सेवा अवरुद्ध गरिँदा यो देशको इतिहासकै सबैभन्दा लामो ब्ल्याकआउट बनेको बताइएको छ ।समग्रमा, सैन्य कारबाही, कूटनीतिक चेतावनी र मानवीय सङ्कट एकसाथ गहिरिँदै जाँदा मध्यपूर्वको अवस्था झन् जटिल र अस्थिर बन्दै गएको देखिएको छ ।

**इरान-अमेरिका तनाव चुलियो, ट्रम्पको ४८ घण्टे अल्टिमेटम**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई महत्वपूर्ण जलमार्ग हर्मुज जलडमरु क्षेत्र खुला गर्न ४८ घण्टाको समयसीमा दिनुभएको छ । उक्त चेतावनीप्रति इरानले कडा प्रतिक्रिया जनाउँदै यसलाई 'असन्तुलित र मूर्खतापूर्ण' भनेको छ ।


यसबीच इरानको दुर्गम क्षेत्रमा हराइरहेको अमेरिकी सैनिक पाइलटको खोजी कार्य शनिबार पनि जारी रहेको जनाइएको छ । हाल छ हप्तादेखि जारी युद्धका क्रममा शुक्रबार दुई अमेरिकी युद्ध विमान खसालिएपछि तनाव थप बढेको छ ।अमेरिकी राष्ट्रपति ट्रम्पले इरानलाई युद्धमा 'पूर्ण रूपमा पराजित' भएको बताउनुभएको छ । तर इरानले भने आफ्नो भूमिमा शत्रु पाइलट फेला पार्ने प्रयास भइरहेको जनाएको छ ।

इरानको संयुक्त सैन्य कमान्डका जनरल अली अब्दोल्लाही अलियाबादीले चेतावनी दिँदै भन्नुभयो, "यदि हाम्रो पूर्वाधारमा आक्रमण भयो भने नर्कका ढोका खुल्नेछन् ।" उहाँले क्षेत्रभित्र रहेका अमेरिकी सैन्य पूर्वाधारलाई पनि निशाना बनाउन सकिने बताउनुभयो ।

यो युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले संयुक्त रूपमा गरेको आक्रमणपछि सुरु भएको हो । युद्धका कारण हजारौँ मानिसको मृत्यु भइसकेको छ भने विश्व बजारमा अस्थिरता आएको, प्रमुख जलमार्ग अवरुद्ध भएको र इन्धनको मूल्य वृद्धि भएको बताइएको छ ।

दुवै पक्षले नागरिक क्षेत्रमा समेत आक्रमण गरेको आरोप लागेको छ, जसले युद्ध अपराधको सम्भावनाबारे चिन्ता बढाएको छ ।इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इरानको महशहरस्थित पेट्रोकेमिकल केन्द्रमा आक्रमण गरिएको पुष्टि गरेका छन् ।

## ।। भावपूर्ण श्रद्धाञ्जली ।।



स्व. केदारनाथ दाहाल

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा नेपाल प्रेस युनियनका संस्थापक सहृदयी मित्र, शुभचिन्तक श्री तारानाथ दाहालका पूज्यनीय पिता **केदारनाथ दाहाल**को ९५ वर्षको उमेरमा दिवंगत हुनु भएको खबरले स्तब्ध बनाएको छ ।

यस दुःखद घडीमा जनकपुर टुडे परिवार स्व. केदार प्रसाद दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।

**बृजकुमार यादव**
सम्पादक
जनकपुर टुडे संचार समूह प्रा.लि. परिवार

# गहुँबालीको प्रजनन बीउ उत्पादन गरिँदै



पर्वत । पर्वतमा यस वर्ष देखि गहुँबालीको प्रजजन बीउका लागि गहुँखेती विस्तार गरिएको छ ।

जिल्लाको फलेवास नगरपालिका-६ देविस्थान चौबीस कुरियामा प्रजनन गहुँको मूल बीउको खेती गरी अनुसन्धान थालिएको छ । बीउ उत्पादनका लागि करिब पाँच हेक्टर क्षेत्रफलमा गहुँबाली लगाइएको कृषि विकास कार्यालयले जनाएको छ। राष्ट्रिय गहुँ अनुसन्धान परिषद् र कृषि विकास कार्यलयको सहयोगमा स्थानीय जातसँगै थप आठ प्रजातिका गहुँ अनुसन्धान गरिएको हो। आत्मनिर्भरताका लागि बीउ उत्पादन कार्यक्रमअन्तर्गत बीउ उत्पादनमा लागिएको कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकृत सोविता सुवेदीले गौतम, भेरीगङ्गा हिमगङ्गा, जिङ्कलगायतका जातमा अनुसन्धान भइरहेको राससलाई जानकारी दिनुभयो । स्थानीय शक्ति कृषि तथा पशुपक्षी फर्ममार्फत २० जना किसानले एकै क्षेत्रमा प्रजनन गहुँको बीउ खेती गरिरहेका हुन् । अन्य प्रजातिभन्दा गौतम र भेरीगङ्गा, हिमगङ्गा जातको गहुँको बीउ राम्रो उत्पादन भएको हो। अन्य खेतीभन्दा सजिलो खेती र सिँचाइको पहुँच पुगेको कारण यस क्षेत्रका किसानहरु हिउँदे बालीअन्तर्गत गहुँ खेतीमा लागेका हुन् ।

गत वर्ष पनि राम्रो गहुँ उत्पादन भएपछि पहाडी क्षेत्रको जात पहिचानका लागि राष्ट्रिय गहुँबाली अनुसन्धान परिषद् भैरहवाले विभिन्न आठ जातमा गरेको अनुसन्धान सफल भएपछि अहीले हावा पानी अनुकूल भएको जातको प्रजनन बीउ खेती गरिएको स्थानीय किसान रमेश चापागाईंले बताउनुभयो । कृषक चापागाईंले कृषि प्राविधिक नै आफ्नै खेतवारीमा आएर गहुँको अनुसन्धान गर्दा कृषकहरुलाई आगामी दिनमा गहुँखेती गर्न सहज हुने बताउनुभयो। कुन भूगोलमा कुन खेती गर्दा प्रशस्त उत्पादन र आम्दानी गर्न सकिन्छ भन्ने चेतना वृद्धि भएको उहाँको भनाइ छ।

बर्सेनि तापक्रममा भएको वृद्धि, जलवायु परिवर्तनले हिउँदे वर्षा नहुने, सिँचाइको अभाव जस्ता कारणले कृषकको गहुँ खेतीतर्फको आकर्षण घट्दै गएका बेला केन्द्रले निश्चित प्रजाति पहिचान गरेर सिफारिस गरेपछि गहुँ खेतीतर्फ आकर्षण बढ्ने उहाँको भनाइ छ। रासस

# आदिकवि भानुभक्तको सालिक पुनर्निर्माण

खोटाङ। दिक्तेल बजारको भानुचोकमा रहेको राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको सालिक पुनर्निर्माण गरिएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले दिक्तेल बजारको समग्र सौन्दर्यकरणका लागि रु एक करोड बजेट उपलब्ध गराएपछि ठेक्का प्रक्रियामार्फत आदिकवि भानुभक्त आचार्यको सालिक पुनर्निर्माणको काम सम्पन्न गरिएको हो।

भानुभक्तको सालिकसँगै बजार क्षेत्रका विभिन्न स्थानमा पूर्वाधार विकासका काम गरिएको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिनुभएको छ।

"दिक्तेल बजारको सौन्दर्यकरण कार्यक्रमअन्तर्गत आदिकवि भानुभक्त आचार्यको अर्धकदको प्रतिमा पहिलेकै स्थानमा राखिएको छ । त्यहाँ आचार्यको ठूलो आकारको मूर्ति सरोकारवालाले नै खरिद गरेर राख्ने सहमति भएको छ", उहाँले भन्नुभयो, "भानुभक्तको सालिक पुनर्निर्माण सकिएसँगै सालिक वरपरका खाली ठाउँमा टाइल जडान, रङरोगन, प्रकाश व्यवस्थापन, बगैँचा निर्माण, चोकको साङ्केतिक चिह्न राख्ने तथा आदिकवि भानुभक्तका कविताका केही हरफ समावेश गरेर सौन्दर्यकरण गरिएको छ।

यसले दिक्तेल बजारको सौन्दर्यकरणमा थप टेवा पुगेको छ।" आदिकवि भानुभक्तको



सालिक पुनः निर्माण अन्तरगतकै योजनाबाट जिल्ला प्रहरी कार्यालयको प्रवेशद्धार अगाडिदेखि भानुचोक हुँदै लोकसेवा आयोगको कार्यालय तथा लोकसेवा आयोगको कार्यालयदेखि नेपाली कांग्रेसको पार्टी कार्यालयसम्म सडक सुधार तथा निर्माणको काम गरिएको छ। यसका साथै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ भित्रका केही सडक निर्माणका कामसमेत सम्पन्न भएको कार्यालयले जनाएको छ।

भानुचोकमा भानुभक्तको सालिक पुनर्निर्माणका लागि कार्यालयले गत कात्तिक २ गते बोलपत्र आह्वान गरेको थियो। लामो समयदेखि जीर्ण तथा अव्यवस्थित अवस्थामा रहेको भानुभक्तको सालिकलाई व्यवस्थित, सुरक्षित र आकर्षक बनाउने उद्देश्यसहित पुनर्निर्माणको प्रक्रिया अघि बढाइएको थियो । सौन्दर्यकरणको काम सम्पन्न भएपछि दिक्तेल बजारको संरचनागत व्यवस्थापन तथा ऐतिहासिक, साहित्यिक र पर्यटकीय महत्व थप उजागर भएको छ । पुरानो संरचनाका घरहरू रहेको दिक्तेल बजारको मुहार कोशी प्रदेश सरकारको लगानीमा विस्तारै फेरिँदै गएको महसुस गरिएको छ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारको सडक ढलानको कामसमेत सम्पन्न भएको छ। विसं २०७६ मा सुरु गरिएको दिक्तेल बजारको सडक ढलानको कामले सात वर्षपछि बल्ल पूर्णता पाएको हो । दिक्तेल बजारस्थित किरात चोकदेखि हाडडाँडासम्मको भित्री सडक ढलान भएसँगै अब हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने समस्याको अन्त्य भएको छ । कुनै समय धुलो र हिलोका कारण हिँड्नसमेत नसकिने अवस्थामा रहेको दिक्तेल बजारको कच्ची सडकले सबैलाई सास्ती दिएको थियो।

लामो समयको प्रतीक्षापश्चात पूरै सडक ढलान भएपछि दिक्तेल बजारको मुहार नै फेरिएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनप्रसाद आचार्यले बताउनुभएको छ। साँघुरो, हिलाम्मे र धुलाम्मे अवस्थाको दिक्तेल बजारको सडक सङ्घ र प्रदेश सरकारले उपलब्ध गराएको बजेटले पूरै ढलान भएको हो । दिक्तेलस्थित शङ्खर साख्वाः चोकदेखि भानुचोकसम्मको सडक ढलान यही पुस २७ गते (आइतबार) सम्पन्न भएसँगै पूर्णता पाएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत भौतिक पूर्वाधार कार्यालयको मूल्य अभिवृद्धि कर तथा पिएससहित रु ९५ लाख ८५ हजार ७८ लागतमा निर्माण कम्पनीले सडक ढलानको काम गरेको हो।रासस

# पाँच किमी सडक स्तरोन्नति गर्न आठवर्षपछि बल्ल बजेट

तानसेन । लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको पाल्पाको हार्थोक-बतासे सडकको अन्ततः स्तरोन्नतिको काम अगाडि बढेको छ । विगत आठ वर्षदेखि बजेट अभाव र सरकारी उदासिनताले अलपत्र परेको रामपुर-कपुरकोट सडकखण्डअन्तर्गतको यो सडकको अहिले स्तरोन्नतिको काम धमाधम अगाडि बढेको हो।



प्रदेश सरकारले पाँच किलोमिटर सडक स्तरोन्नति गर्न बजेट विनियोजन गरी काम सुरु गरेको छ । यहाँ मार्ग खुलेको लामो समय हुँदासम्म सडक लथालिङ्ग थियो । पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुँदा यात्रीलाई सास्ती हुन्थ्यो । बिरामी र गर्भवतीलाई निकै जोखिम थियो।

पश्चिम पाल्पाका नागरिकको 'लाइफ लाइन'का रूपमा रहेको सडकखण्डलाई पक्की बनाउने हरेकपटक चुनावी नारा बन्थ्यो । तर, चुनाव सकिएपछि कहिल्यै टालो नफेरेको उक्त सडकखण्ड आठ वर्षपछि स्तरोन्नतिको काम सुरु भएपछि यहाँका नागरिकमा खुसीयाली छाएको छ । स्थानीयले पटकपटक स्थानीय, प्रदेश र सङ्घीय सरकारका जनप्रतिनिधिलाई ध्यानाकर्षण गराउँदै आए पनि काम हुनसकेको थिएन । अहिले काम अगाडि बढेपछि रैनादेवी छहराका पदम सोमै निकै खुसी हुनुहुन्छ। हिँड्नै मुस्किल हुने सडकको स्तरोन्नति हुन थालेपछि अब दुःखका दिन सकिने उहाँको आशा छ।

"यहाँका नागरिक बिग्रँदो अवस्थाका सडकका कारण वर्षात्अगावै घरायसी सामानको जोहो मिलाउँथे । सडक पक्की बनेपछि त्यो अवस्था सकिनेछ", उहाँले भन्नुभयो । सडक स्तरोन्नतिपछि उत्पादित वस्तु बेचेर ग्रामीण क्षेत्रका किसानको आयआर्जनमा वृद्धि हुने रैनादेवी छहरा गाउँपालिका पूर्वजनप्रतिनिधि विष्णु पोखरेल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "सडक स्तरोन्नतिपछि ढुवानीका साधन पनि बारीबारीमै पुग्नेछन् । कुहिएर जाने तरकारी बजारमा पुग्नेछ । किसानले आफ्ना वस्तु सजिलै बजार पुर्याउने अवस्था आउनेछ । किसानको उत्पादन गाउँमै राम्रो मूल्यमा बिक्री हुनेछ।" सडक सञ्जालले आममानिसलाई करेसाबारीमा फलेका तरकारी होस् या खेतबारीमा फलेको अन्न, बजार पुर्याउन सहज बनाउने पोखरेलको भनाइ छ।

लामो समयको पर्खाइपछि आएको बजेटलाई कार्यप्रगतिमा रुपान्तरण गर्न स्थानीयवासी सक्रिय भएर लागेका छन् । सडक निर्माणका क्रममा आइपरेका समस्या पनि स्थानीयस्तरबाटै समाधानले काममा सहयोग भएको छ । सडक स्तरोन्नतिको काम गर्दा स्थानीयवासी, पालिकाका जनप्रतिनिधिहरूसँग समन्वय सहकार्य गरेर काम भइरहेको रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताउनुभयो।

यस सडकखण्डमा अहिले सडक चौडा गर्ने, ठाउँठाउँमा रिटेनिङ पर्खाल लगाउने, जग निर्माण गर्ने, बाटोको लेवल मिलाउने र नाली निर्माणका काम भइरहेका छन् । सडकको मापदण्डमा पर्ने दायाँ बायाँमा रहेको घरटहरा हटाएपछि कामले अझै गति लिने छ । सडक निर्माणका क्रममा आएका समस्यालाई आपसी छलफल, समन्वय र सहकार्यबाट समाधान गर्दै निधारित मितिमै काम सक्नेगरी कार्यालय लागिपरेको लुम्बिनी प्रदेश सडक यातायात पूर्वाधार निर्देशनालय बुटवलका वरिष्ठ इन्जिनियर सूचना अधिकारी अरुण गुप्ताले बताउनुभयो।

सडक स्तरोन्नतिका लागि यातायात पूर्वाधार निर्देशनालय बुटवलले २०८४ असोज २६ भित्र सम्पन्न गर्नेगरी निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । सडक स्तरोन्नतिका लागि रु १६ करोड ३१ लाख १९ हजारमा एमएस राजेश्वरी-रमानिया-आरएन्डआर जेभीले काम गर्दै आएको छ। निर्माणकार्य सम्पन्न गर्ने मितिभन्दा छ महिनाअघि नै सक्ने लक्ष्यका साथ काम भइरहेको निर्माण कम्पनीका साइड इन्चार्ज अरुण ज्ञवालीले बताउनुभयो।

प्रदेश सरकारले २०७४ सालमै कर्णाली प्रदेशको सिमानादेखि गण्डकी प्रदेशको सिमाना जोड्ने गरी पाल्पाको रामपुरदेखि सल्यानको कपुरकोटसम्मको तीन सय १० किलोमिटर दूरी निर्धारण गरी प्रदेशको गौरवको आयोजना घोषणा थियो । गौरवको सडक आयोजना घोषणा गरे पनि प्रदेशमा स्थिर सरकार नहुँदा यस सडकका लागि बजेट परेको थिएन । यो सडक पश्चिम पाल्पाको लाइफ लाइन भएकाले सडक निर्माणकार्य पूरा भएपछि जनजीवनमा परिवर्तनहरू देखिने लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले बताउनुभयो । यो सडकले पाल्पाबाहेक अर्घाखाँची, प्यूठान, रोल्पा र सल्यानका बासिन्दालाई लाभ पुग्नेछ।रासस

# गरिमा सुवर्ण योजनाः मागभन्दा बढी आवेदन, सबै आवेदकलाई माग अनुसार इकाई बाँडफाँट

**टुडे समाचारदाता**

नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था
गरिमा क्यापिटल लिमिटेड
GARIMA CAPITAL LIMITED
(A Subsidiary of GARIMA BIKAS BANK LIMITED)
समृद्धिको सारथी

काठमाण्डु । गरिमा म्युचुअल फण्ड अन्तर्गत पहिलो खुलामुखी योजना "गरिमा सुवर्ण योजना" को इकाई बाँडफाँट सम्पन्न भएको छ । गरिमा क्यापिटल लिमिटेडका अनुसार योजना प्रति इकाई रु. १० अंकित मूल्यमा पहिलो चरणमा ५ करोड इकाई सार्वजनिक निष्काशन गरिएको थियो ।उक्त योजना मिति २०८२ फागुन २८ गतेदेखि चैत ११ गतेसम्म सर्वसाधारणका लागि खुला गरिएकोमा कुल १ लाख ६ हजार ७९४ जना आवेदकबाट ७१ करोड ५७ लाख रुपैयाँभन्दा बढी बराबरको ७ करोड १५ लाखभन्दा बढी इकाई खरिदका लागि आवेदन परेको थियो। यसले मागभन्दा धेरै आवेदन परेको देखाएको छ।

जसमध्ये १७० जना आवेदकका आवेदन रीतपूर्वक नदेखिएपछि बाँडफाँटमा समावेश गरिएको छैन। बाँकी १ लाख ६ हजार ६२४ जना योग्य आवेदकलाई माग अनुसारकै इकाई चैत २२ गते आइतबार गरिमा क्यापिटलको केन्द्रीय कार्यालय कमलपोखरीमा बसेको बैठकबाट बाँडफाँट गरिएको जनाइएको छ।

नेपाल धितोपत्र बोर्डबाट १ अर्ब रुपैयाँ बराबरको १० करोड इकाई निष्काशन गर्न स्वीकृति प्राप्त भएको यस योजनामा पहिलो चरणमा ५ करोड इकाई मात्र बिक्रीका लागि खुला गरिएको थियो। तर, निर्देशिका अनुसार सबै योग्य आवेदकलाई माग बमोजिम नै इकाई प्रदान गरिएको हो।

यो योजना खुलामुखी (ओपेन इन्डेड) प्रकृतिको भएकाले यसको कारोबार नेपाल स्टक एक्सचेञ्जमार्फत गर्न नमिल्ने जनाइएको छ । बाँडफाँट भएको तीन महिनापछि भने योजनाको इकाई खरिद-बिक्री (क्षए सहित) सञ्चालनमा ल्याइने जानकारी दिइएको छ। गरिमा क्यापिटलले यस निष्काशन प्रक्रियामा सहयोग पुऱ्याउने नेपाल धितोपत्र बोर्ड, नेप्से, सिडिएससी, गरिमा विकास बैंक, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था, सञ्चारकर्मी लगायत सबैप्रति आभार व्यक्त गरेको छ।

# अलपत्र पुलको काम तत्काल सुरु गर्न निर्देशन

दमौली। विगत १२ वर्षदेखि अलपत्र रहेको तनहुँ र चितवन जोड्ने त्रिशूली नदीमाथिको घुमाउने पुलको काम तत्काल सुरु गर्न निर्देशन दिइएको छ। सडक डिभिजन कार्यालय दमौलीले निर्माण कम्पनीलाई पत्राचार गरेर सो निर्देशन दिएको हो।

घुमाउने पुलको संशोधित डिजाइन निर्माण व्यवसायीबाट पेस भएकामा चैत १५ गतेको सडक विभागको विभागीय निर्णयअनुसार डिजाइनको सम्पूर्ण जिम्मेवारी लिई निर्माण व्यवसायीबाट पेस भएको 'स्पेसिफिकेसन'सहितको 'डिजाइन' तेस्रो पक्षको विज्ञबाट जाँच भएकाले निर्माण अगाडि बढाउन निर्देशन दिइएको सडक डिभिजन कार्यालयका प्रमुख राजीव श्रेष्ठले बताउनुभयो। घुमाउनेमा पुल नबन्दा यस भेगका जनताले सास्ती खेपिरहेको र पटकपटक मन्त्री, सांसद, सडक डिभिजनमा ध्यानाकर्षण र सरोकारवाला निकाय घेराउसमेत गरेका थिए। गत निर्वाचनताका सबै उम्मेदवारले पुल निर्माणलाई प्राथमिकता दिने हस्ताक्षरसहितको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

पुल निर्माण सङ्घर्ष समितिका संयोजक सिद्धान्त थापामगरले पुल निर्माण नहुँदा यस भेगका जनताले सास्ती खेपिरहेको बताउनुभयो। घुमाउने पुल निर्माणका लागि सम्झौता भएको १२ वर्ष बितिसक्यो। सम्झौताअनुसार काम भएको भए यतिबेला पक्की पुल बनिसक्थ्यो। घुमाउनेमा पुल निर्माण थालिए पनि अहिलेसम्म दुईतिरको भागमा पिलरमात्र ठडिएको छ। मृत सञ्जीवनी निर्माण कम्पनी हेटौंडासँग पहिलोपटक विसं २०७० असारमा उक्त पुल निर्माणका लागि सम्झौता भएको थियो।

बारम्बारको म्याद थप र डिजाइन परिवर्तनपछि विसं २०७५ माघमा निर्माणका लागि पुनः सम्झौता गरेकामा २०७८ साल चैतमा पुल निर्माण सकिनुपर्नेमा अहिलेसम्म जम्मा करिब ३६ प्रतिशतमात्र काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ। उक्त पुल निर्माणका लागि २०८३ साल असार मसान्तसम्मका लागि म्याद थप गरिएको छ।


गण्डकी प्रदेशको राजधानी पोखरा र चितवनबीचको कम दूरीमा सजिलै आवतजावत गर्न सकिने तनहुँ जिल्लाको सदरमुकाम दमौलीस्थित व्यास नगरपालिका-१ निर्मलनगरबाट सुरु हुने बुद्धसिं मोटरमार्ग सेती र मादी नदीको किनारा हुँदै क्रमशः व्यास-१३ र १४, बन्दीपुर-६, आँबुखैरेनी-५ हुँदै जाने र उक्त सडकलाई मुग्लिन-नारायणगढ सडकमा जोड्ने घुमाउनेघाटमा पुल निर्माण थालिएको थियो । रासस

# मार्ग खुलेको १६ सडक वर्षपछि स्तरोन्नति

म्याग्दी । यहाँको मङ्गला गाउँपालिका-३ बरङ्जामा मार्ग खुलेको १६ वर्षपछि स्तरोन्नति भएको छ । मङ्गला गाउँपालिका-३ र ४ नम्बर वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पखेर-बरङ्जा सडकको पखेर-आलडाँडा खण्ड स्तरोन्नति भएको हो।

गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत तीन किलोमिटर ५०० मिटर दूरीमा सडक ग्राभेल र ढलान गर्न आर्थिक वर्ष २०८०/८१ देखि पखेर-बरङ्जा-३ र ४ हुँदै महेश-धापुङ-ताराखोला सडक योजना निर्माण सुरु गरेको थियो ।निर्माण कम्पनीले विसं २०८१ असारमा रु पाँच करोड ८६ लाख तीन हजारमा ठेक्का सम्झौता गरेको योजना निर्धारित समयभित्रै सम्पन्न भएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताउनुभयो । "अठार महिनाको ठेक्का अवधि भएको यो योजनाको लक्ष्यअनुसारको भौतिक प्रगति भएको छ", उहाँले भन्नुभयो, "बजेट अभावका कारण निर्माण व्यवसायीलाई भुक्तानी दिन नसक्दा वित्तीय प्रगति भने कम छ।"

विसं २०६६ मा मार्ग खुलेको यो सडकलाई सात मिटरका दरले फराकिलो बनाएर नाली र टेवा



पर्खाल निर्माण भएको छ। घुम्ती र उकालोमा पाँच सय ५० मिटर सडक ढलान भएको छ। ग्रेड र घुम्ती सुधार भएको छ।

बरङ्जा खर्कटोलका मिलन रोकाका अनुसार यसअघि तीनदेखि तीन दशमलव पाँच मिटर फराकिलो कच्ची सडकको घुम्ती, ग्रेड नमिलेको, साँघुरो सडक जोखिमयुक्त थियो । "यसअघि जिप, ट्याक्सी र ट्र्याक्टर मुस्किलले चल्ने यो सडकमा अहिले दश चक्के ट्रक गाउँमै आउन थालेका छन्", उहाँले भन्नुभयो, "बरङ्जादेखि बेनी पुग्न एक घण्टा लाग्ने गरेकामा सडक स्तरोन्नति भएपछि यात्राअवधि ३० मिनेटमा छोटिएको छ।"

भिरालो पाखाको घुम्तीमा गाडी पार गराउन पछाडि लैजानुपर्ने समस्या हटेको छ । बरङ्जामा उत्पादन भएको दूध, सुन्तला, तरकारीलगायत कृषि उपज बजारमा बिक्रीका लागि लैजान सहज भएको छ।

बरङ्जादेखि थामडाँडा-सुर्केमेला हुँदै बेनी जोड्ने घुमाउँरो कच्ची सडकमा यात्रा गर्नुपर्ने अवस्था हटेको रोकाले बताउनुभयो ।सडक स्तरोन्नति भएकामा बरङ्जावासी उत्साही भएका सडक निर्माण समितिका तत्कालीन अध्यक्ष मोहनलाल सापकोटाले बताउनुभयो। "अप्ठ्यारो ठाउँको खण्डमा अहिले सडक सहज भएकामा खुसी छौँ", उहाँले भन्नुभयो, "पखेरदेखि झाँक्रीपानीसम्मको सबै ११ किलोमिटर सडकलाई स्तरोन्नति गर्न सकेमा अझै सहज हुने थियो।"रासस



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०१/०७ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८३/०१/०८ गते, मंगलबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : रिद्धि रिद्धम कृषि तथा पशुपक्षि मत्सय पालन**<br>मधेस प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरी<br>दर्ता नं. १०७३४/१४०/०८०/८१, दर्ता मिति : २०८०/०६/१०, पान नं. ६२०४७३१४१, दर्ता मिति : २०८०/०६/१०<br>ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, **प्रोप्राईटर : विपिन यादव** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : विपिन यादव**<br>ना.प्र.नं.०३३५२८५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५१/१२/१३<br>बाबुको नाम : दिनकर राय यादव<br>बाजेको नाम : मौजे यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही वडा नं. २ | **२. नाम : शैल देवी**<br>ना.प्र.नं. १८३०६४/९३७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/२५<br>पतिको नाम : विपिन यादव<br>ससुराको नाम : दिनकर राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही वडा नं. २ |
| | **धितोको विवरण** | |
| | विपिन यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४५, १४४, १६३ र ५१० को क्षेत्रफल क्रमश: ०-९-१०-०, ०-७-१५-०, ०-७-५-० र ०-२-४-० (बिगाहा), धनुषा जिल्ला, सिजुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-२-१३-० (बिगाहा) र धनुषा जिल्ला, बसहिया गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १८१७ को क्षेत्रफल ०-०-८-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# सरकारी विज्ञापन नीतिविरुद्ध सर्वोच्चमा रिट



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारको सरकारी विज्ञापन वितरण सम्बन्धी नयाँ नीतिविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिएको छ।

रौतहटको गरुडा नगरपालिका-८ का १९ वर्षीय राहुल कुमार साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सम्बन्धित निकायलाई विपक्षी बनाएर उत्प्रेषण, परमादेश लगायतका आदेश माग गर्दै रिट दायर गरेको हो।

निवेदक साहले सरकारद्वारा जारी गरिएको परिपत्रले निजी सञ्चारमाध्यममाथि प्रत्यक्ष असर पार्ने र त्यसबाट सयौं मिडिया संस्था बन्द हुने तथा हजारौं पत्रकारको रोजीरोटी गुम्ने खतरा रहेको जिकिर गरेका छन्।

उनले उक्त निर्णय कार्यान्वयन भए स्वतन्त्र प्रेसमाथि गम्भीर क्षति पुग्ने भन्दै तत्काल अन्तरिम आदेश जारी गरी निर्णय कार्यान्वयन नगर्न माग गरेका छन्। रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट चैत १८ गते जारी परिपत्रमार्फत 'मितव्ययिता र पारदर्शिता'को नाममा विज्ञापन वितरणलाई सीमित गरिएको उल्लेख छ।

निवेदकका अनुसार उक्त नीतिले सरकारी कोषबाट खर्च हुने विज्ञापन रकम मुख्यतः राज्यनियन्त्रित सञ्चारमाध्यममा केन्द्रित गर्ने वातावरण बनाएको छ। यसले निजी मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने उद्देश्य लिएको आरोप लगाइएको छ।

निवेदकले संविधानको धारा १७, १८, १९ लगायतका मौलिक हकसँगै सूचना अधिकार, समानताको अधिकार र अभिव्यक्ति स्वतन्त्रताको हक उल्लंघन भएको दाबी गरेका छन्। साथै, अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय प्रतिज्ञापत्रको समेत उल्लंघन भएको उल्लेख गरिएको छ।

रिटमा 'छदम कार्य' (कोलरेबल एक्सन) को सिद्धान्त उल्लेख गर्दै सरकारले प्रत्यक्ष रूपमा गर्न नसक्ने सेन्सरशिप आर्थिक माध्यमबाट लागू गर्न खोजिएको आरोप लगाइएको छ। 'मिडियालाई प्रत्यक्ष नियन्त्रण गर्न नसकेपछि विज्ञापन जस्तो प्रमुख आम्दानीको स्रोत बन्द गरेर भयको मनोविज्ञान सिर्जना गर्न खोजिएको देखिन्छ,' निवेदनमा उल्लेख छ।

यस्तै, 'विचारहरूको खुला बजार' को अवधारणालाई कमजोर बनाउँदै राज्यनियन्त्रित मिडियामार्फत सूचना प्रवाहमा एकाधिकार स्थापना गर्ने प्रयास भएको दाबी गरिएको छ। निवेदकले यस्तो नीतिले लोकतान्त्रिक मूल्यमान्यतामा गम्भीर असर पार्ने बताएका छन्।

रिटमा सार्वजनिक कोषबाट खर्च हुने विज्ञापन रकम 'सार्वजनिक विश्वासको सिद्धान्त' अनुसार सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण हुनुपर्ने उल्लेख गरिएको छ। तर, हालको निर्णयले करदाताको रकम सीमित निकायमा केन्द्रित गरेको भन्दै बदर गर्न माग गरिएको छ।

निवेदकले अधिवक्ता महावीर कुमार साहमार्फत दायर गरेको उक्त रिटमा सम्बन्धित परिपत्रलाई 'अधिकारक्षेत्र विहीन, असंवैधानिक र बदनियतपूर्ण' भन्दै उत्प्रेषणको आदेशमार्फत खारेज गर्न माग गरिएको छ। साथै, अन्तिम निर्णय नभएसम्म उक्त नीतिको कार्यान्वयन रोक्न अन्तरिम आदेश जारी गरिदिन आग्रह गरिएको छ।

# लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग

**मधेशमा भएको आन्दोलन र त्यसक्रममा भएको जनधनको क्षतिबारे छानबिन गर्न सरकारले २०७३ साउन २१ मा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो। १४ महिना लगाएर आयोगले ७०९ पृष्ठ लामो प्रतिवेदन तयार पारेर २०७४ मंसिर २९ गते त्यो प्रतिवेदन प्रधानमन्त्री शेरबहादुरलाई बुझाइएपनि आजसम्म सार्वजनिक गरिएको छैन।**

**टुडे समाचारदाता**

जनकपुरधाम। लाल आयोगको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयनमा ल्याउन मधेश प्रदेश सभाका सांसदहरुले माग गरेका छन्।

आइतवार बसेको मधेश प्रदेश सभाको बैठकमा जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसदद्वय सुरिता साह र संजय यादवले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न संघीय सरकारसँग कडा रुपमा माग गरेको छ।

सांसदद्वय साह र यादवले भने लाल आयोगको प्रतिवेदन सार्वजनिक नगरिएका कारण मधेश जनविद्रोह, मलेठ घटना र थरुहट आन्दोलनका दोषीहरुलाई खुलेआम घुमिरहेका छन भने आन्दोलनकारी दलका नेता कार्यकर्ताहरु निर्दोष भएपनि जेल जीवन बिताइ रहेका छन्।

सांसद यादवले थप्दै भने 'लाल आयोगका प्रतिवेदन सार्वजनिक नभएको दोषी उम्किएका छन भने शहीद र घाइते आजसम्म न्यायको पर्खाईमा छ। हाम्रो आन्दोलनकारी नेता कार्यकर्तालाई जेलमा थुनेका छन्। सभामुख मार्फत संघीय सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छौं। जसरी जेनजी आन्दोलनको प्रतिवेदन चाँडै सार्वजनिक गरी कार्यान्वयनमा ल्याउनु भयो। त्यसरी नै लाल आयोगको प्रतिवेदन सार्वजनिक गरेर पीडितहरुलाई न्याय दिलाउनुस।'

मधेशमा भएको आन्दोलन र त्यसक्रममा भएको जनधनको क्षतिबारे छानबिन गर्न सरकारले २०७३ साउन २१ मा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो। १४ महिना लगाएर आयोगले ७०९ पृष्ठ लामो प्रतिवेदन तयार पारेर २०७४ मंसिर २९ गते त्यो प्रतिवेदन प्रधानमन्त्री शेरबहादुरलाई बुझाइएपनि आजसम्म सार्वजनिक गरिएको छैन।

मधेशकेन्द्रित दलहरूले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न निरन्तर माग गर्दै आएका छन्। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार अल्पमतमा पर्ने अवस्था आएपछि तत्कालिन लोसपासँग तत्कालै सार्वजनिक गर्ने भनी सहमति गरेपनि आजसम्म सार्वजनिक गरिएको छैन।




## के छ प्रतिवेदनमा ?

सरकारले अहिलेसम्म सार्वजनिक नगरेको, तर उच्च सरकारी स्रोतबाट उकालोलाई प्राप्त ७०९ पृष्ठ लामो प्रतिवेदनमा मधेश आन्दोलनको सांगोपांगो चित्र केलाउने प्रयास गरिएको छ। आयोगले मधेश आन्दोलनको प्रकृति हेर्दा प्रदर्शनकारीहरूले कुनै घातक हतियारको प्रयोग गर्ने मनसाय नराखेको, प्रदर्शनकारीहरूले अधिकांश शान्तिपूर्ण प्रदर्शन र नारा-जुलुस मात्र गरेको देखिएको उल्लेख गरेको छ।

"तराईका जिल्लामा भएका अधिकांश प्रदर्शनहरू शान्तिपूर्ण थिए। ती प्रदर्शनहरूमा निर्दयता एवं क्रूरतापूर्वक मारिएका उल्लिखित व्यक्तिहरूमध्येका आन्दोलनकारीतर्फका ५२ जना र प्रहरीतर्फका १० जना गरी जम्मा ६२ जना नेपाल सरकारबाट शहीदसमेत घोषणा भइसकेका कुरा जिल्ला-जिल्लाहरूका विवरणहरूमा एवं अन्य आवश्यक स्थानहरूमा उल्लिखित भएका छन्। सोबाहेक पनि अरू ४ जनाको मृत्यु भएको भनी यस आयोगसमक्ष उजुरी परेको देखिन्छ", प्रतिवेदनमा भनिएको छ।

आन्दोलनकारीहरूतर्फ मारिएका व्यक्तिहरूको मृत्यु प्रहरीका लाठी र गोली प्रहारबाट भएको आयोगको ठहर छ। "त्यस प्रकारका घटना स्थानीय प्रशासनको निर्देशन र आदेशबिना सम्भव हुन सक्दैन। त्यसकारण सो वारदातहरूमा जिल्ला-जिल्लाका स्थलगत घटना-दुर्घटनाहरूको विवरणहरूमा उल्लिखित भएका स्थानीय प्रशासन, सशस्त्र प्रहरी र जनपद प्रहरीका अधिकारीहरूको संलग्नता रहेको तथ्यहरू स्पष्ट हुन आउँछ", आयोगले प्रतिवेदनमा भनेको छ, "सो घटना-दुर्घटनाहरूमा अरू कस-कसको संलग्नता वा निर्देशन रहेको थियो, सो कुराहरू समेत निजहरूबाट नै खुलाउन सकिने हुन्छ।"

आयोगको प्रतिवेदन सार्वजनिक नभएकाले नै अहिलेसम्म यस्ता घटनामा संलग्नहरूमाथि छानबिन गर्ने, दोषी प्रशासक र सुरक्षा अधिकारीहरूलाई कारबाहीको दायरामा ल्याउने काम हुन सकेको छैन।

आयोगले 'शान्तिपूर्ण प्रदर्शन गर्नेहरूमाथि अपशब्दहरूको प्रयोग गर्दै निर्मम रूपले लाठी र गोली प्रहार गरी राज्यसँग आफ्ना समान अधिकार मागिरहेका जनतालाई मारिएको' भन्दै त्यस्ता घटनालाई ज्यादतीपूर्ण भनेको छ। र, तिनलाई 'सर्वथा औचित्यहीन र गैरकानूनी' ठहऱ्याएको छ।

अहिले विभिन्न अभियोगमा मुद्दा चलाइएका व्यक्तिहरूलाई के गर्ने त? यसमा राय दिँदै आयोगले नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालयसँग कानूनी राय र सल्लाह गरी कानून बमोजिमका निकायहरूबाट अनुसन्धान एवं तहकिकात गराई दोषी देखिएकाहरूमाथि कानून अनुसारको कारबाही गरी न्यायिक निष्कर्षमा पुग्नुपर्ने सुझाव पनि दिएको छ।

साथै लाल आयोगको प्रतिवेदनले मधेश आन्दोलनका क्रममा मृत्यु भएका केही व्यक्तिहरूलाई शहीद घोषणा नगरिएको भन्दै त्यसतर्फ ध्यान दिन सरकारलाई निर्देशनात्मक सुझाव पनि दिएको छ। आन्दोलनका क्रममा मृत्यु भए पनि शहीद घोषणा नभएकाहरूको विवरण नै आयोगले लिपिबद्ध गरेको छ। जस्तो कि, सप्तरीका जितेन्द्रनारायण देवको बीभत्स हत्या भएको, रौतहटको गौरस्थित बीपी चोकमा प्रहरीद्वारा किरणकुमार राममाथि अन्धाधुन्ध लाठी प्रहार हुँदा उनको मृत्यु भएको, पर्साका वकिल मियाँ अन्सारी प्रहरी र आन्दोलनकारीबीच वीरगन्जको माईस्थान चोकमा भएको झडप हेर्न गएको अवस्थामा प्रहरीले अश्रुग्यास प्रहार गर्न थालेपछि भाग्दा लडेको र पछि प्रहरीको कुटपिटबाट घाइते भई उपचारको क्रममा मृत्यु भएको आयोगको प्रतिवेदनमा उल्लेख छ।

"शहीद परिवारहरूलाई भएका मानसिक त्रासदीको अवस्था आकलन गराई निजको परिवारको भरणपोषणको लागि परिवारको कुनै सदस्यलाई योग्यता र क्षमतासमेतको विचार गरी सरकारी सेवामा वा सरकारी नियन्त्रणमा रहेका अन्य उपयुक्त हुने सेवामा लगाउनु पर्दछ", आयोगले भनेको छ। सरकारी सेवा वा सरकारी नियन्त्रणमा रहेका अन्य उपयुक्त हुने सेवामा परिवारको कुनै सदस्य वृद्धावस्था, नाबालकपन वा स्वास्थ्यको अवस्था राम्रो नरहेको कारणले आउन नसक्नेहरूको हकमा समेत निजहरूको अवस्था विचार गरी मुनासिब माफिकको भरणपोषणको व्यवस्था मिलाउनुपर्ने आयोगको सिफारिस छ।

"आन्दोलनका क्रममा गम्भीर घाइते भएकाहरूको हालको अवस्था के कस्तो छ, तत्काल बुझी उपचार गराउन बाँकी रहेको भए उपचार गराउने व्यवस्था मिलाउने, निजहरूको उपचार भैसकेको भए निजहरूको उपचारमा लागेको मुनासिब माफिकको खर्च पीडितहरूले नपाएको भए निजहरूले पाउने गरी क्षतिपूर्तिबापतको रकम निजहरूलाई दिनुपर्दछ", आयोगले भनेको छ।

तोडफोड र आगजनीका घटनाका पीडितहरूमध्ये केहीले क्षतिपूर्ति प्राप्त गरेको देखिए पनि प्राप्त गर्न नसकेकाहरूका सम्बन्धमा गृह मन्त्रालय अन्तर्गतकै समिति बनाई सो समितिबाट मूल्यांकन गरेर पीडित पक्षहरूले बीमा गरेको भए बीमाका रकमहरू समेत ख्याल गरेर पीडितहरूलाई क्षतिपूर्ति दिन आयोगको निर्देशन छ।

तर, अहिलेसम्म आयोगको प्रतिवेदन नै गुपचुप राखिँदा यी कुनै पनि सिफारिस कार्यान्वयन हुने बाटोमा जान पाएका छैनन्। प्रतिवेदन सार्वजनिक भएर कार्यान्वयनमा गएको भए मधेशमा रहेको असन्तुष्टि सम्बोधनमा धेरै सघाउ पुग्न सक्थ्यो। लाल आयोगको प्रतिवेदन नै सार्वजनिक नभएको कारण जेनजी आन्दोलनको क्रममा मधेशमा ठूलो धनजनको क्षति हुन गएको ठहर मधेशका नेताहरुले दाबी गर्दै आएको छ।

# छपकैया पोखरीको स्वामित्व फिर्ता

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्ज महानगरपालिका २ मा झण्डै चार बिघा क्षेत्रफलमा फैलिएको ऐतिहासिक छपकैया पोखरीको स्वामित्व अन्ततः फिर्ता भएको छ।

पर्सा जिल्ला अदालतका न्यायाधीश माधव घिमिरेको इजलासले गत चैत १७ गते गरेको ऐतिहासिक फैसलाले अर्बौं मूल्य बराबरको यो सार्वजनिक जलाशयलाई भू( माफियाको कब्जाबाट मुक्त गर्दै सार्वजनिक सम्पत्ति नै कायम हुने निश्चित गरेको छ।



यो फैसलाले शक्ति र पहुँचको दुरुपयोग गर्दै विगतमा भएका सबै जालसाजीपूर्ण निर्णयहरूलाई बदर गरिदिएको छ भने सार्वजनिक सम्पत्तिमाथि वीरगञ्जबासीको हक पुनः स्थापित गरेको छ।

यस ऐतिहासिक पोखरीलाई निजी बनाउने खेलको सुरुवात स्थानीय प्रमोद विक्रम शाहले आफ्नो पुर्ख्यौली सम्पत्ति दाबी गरेसँगै भएको थियो। शाहले २०३९ सालमा अंश मुद्दाको मिलापत्र हुँदा यो पोखरी आफ्नो भागमा परेको दाबी गर्दै नापी गोश्वारा कार्यालयमार्फत निजी दर्ता गराउन सफल भएका थिए।

रोचक पक्ष त के छ भने, शाह आफैं २०४३ सालमा नगर पञ्चायतको सदस्य हुँदा सोही पोखरीको डिल मर्मत गर्न पञ्चायतलाई अनुरोध गर्ने निर्णयमा हस्ताक्षर गर्ने व्यक्ति थिए। आफैंले सार्वजनिक भनी स्वीकार गरिसकेको सम्पत्तिलाई पछि पद र पहुँचको भरमा निजी बनाउनु नै यो प्रकरणको सबैभन्दा ठूलो जालसाजी भएको ठहर गरिएको छ। यो प्रकरणमा सबैभन्दा ठूलो धक्का २०७१ सालमा लागेको थियो, जब तत्कालीन न्यायाधीश चोलेन्द्रशमशेर जबरा र दीपकराज जोशीको इजलासले जिल्ला र उच्च अदालतको फैसला उल्टाएको थियो।

जिल्ला अदालत पर्सा र उच्च अदालत हेटौंडाले स्पष्ट रूपमा पोखरी सार्वजनिक नै हो भनी गरेको फैसलालाई जबराको इजलासले महानगरका कार्यकारी अधिकृतलाई मुद्दा हाल्ने हकदैया नपुगेकोू जस्ता प्राविधिक छिद्र देखाएर बदर गरिदिएको थियो। शाह र जबराबीचको सम्धी नाताको आडमा अर्बौंको सार्वजनिक सम्पत्ति व्यक्तिको पोल्टामा पुऱ्याइएको भन्दै त्यतिबेला वीरगञ्जमा चर्को विरोध भएको थियो।

विगतका विवादास्पद फैसला र प्रशासनिक अवरोधका बाबजुद जफर अन्सारीलगायतका स्थानीयहरूको निरन्तरको कानुनी लडाइँले २०८२ चैत १७ गते नयाँ मोड लियो। न्यायाधीश माधव घिमिरेको इजलासले सबै ऐतिहासिक तथ्य, नगर पञ्चायतका पुराना निर्णयहरू र सार्वजनिक भोगचलनका प्रमाणहरूको सूक्ष्म अध्ययन गर्दै यो पोखरी सार्वजनिक नै भएको अन्तिम फैसला सुनाएका छन्।

यो फैसलाले चोलेन्द्रशमशेर जबराको पालामा भएको त्रुटिपूर्ण नजिरलाई चुनौती दिँदै सार्वजनिक सम्पत्ति हडप्ने गिरोहको योजनालाई सदाका लागि असफल तुल्याइदिएको छ। अदालतले पोखरीको जग्गा व्यक्तिको नाममा गरिएको दर्ता खारेज गरी साविक बमोजिम सार्वजनिक कायम गर्न आदेश दिएको छ।

# विकास समितिको अध्यक्षमा ठाकुर

**टुडे समाचारदाता**

जनकपुरधाम। तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष एवं सांसद महन्थ ठाकुर राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको अध्यक्षमा मनोयन भएको छ।

ठाकुरसँगै सो समितिमा रेखाकुमारी झा, सम्झाना देवकोटा, जगत् तिमल्सेना र वासुदेव घिमिरे सदस्य चयन भएको छ।

आइतवार राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले सभाका विषयगत समितिहरूमा सदस्यहरूको गरेको मनोनयन तथा हेरफेरको क्रममा विकास, आर्थिक मामिला तथा सुशासन समितिका पदाधिकारी मनोयन सँगै विभिन्न चारवटा समितिका सदस्यहरु मनोयन गरेको हो।



राष्ट्रिय सभाको बसेको बैठकमा अध्यक्ष दाहालले राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम सांसद महन्थ ठाकुर राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको अध्यक्षमा मनोयन गरेका हुन्।

त्यसैगरी, विधायन व्यवस्थापन समितिमा पूर्वमन्त्री रामकुमारी झाँक्रीसहित प्रेमप्रसाद दङ्गाल, खम्मबहादुर खाती र गीता देवकोटालाई मनोनयन गरिएको छ। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा सोमनाथ बोर्तेल, मीना सिंह, सुनिलबहादुर थापा, चन्द्र केसी र रञ्जित कर्ण सदस्य तोकिएका छन्।

संघीयता सुदृढीकरण तथा राष्ट्रिय सरोकार समितिमा भने लीलाकुमारी भण्डारी, रोशनी मेचे, ललितजङ्ग शाही र धर्मेन्द्र पासवान मनोनयनमा परेका छन्।

बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गरेकी थिइन्। राष्ट्रिय सभाको अर्को बैठक सोमबार दिउँसो १२:१५ बजे बस्ने गरी स्थगित भएको छ।

# क्षतिपूर्ति नपाएको गुनासो

**टुडे समाचारदाता**

मलंगवा। दुई महिनाअघि सर्लाहीको चन्द्रनगर गाउँपालिका -२, बिर्तटोलमा मोटरसाइकलको ठक्करबाट मृत्यु भएको एक महिलाका परिवारका सदस्यले अहिलेसम्म क्षतिपूर्ति रकम नपाएको गुनासो गरेका छन्।

गत माघ १६ गते बिहान बिर्ताबाट बर्कुरवातर्फ गइरहेको बिआर ३० एपी ३०३७ नम्बरको भारतीय मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री स्थानीय ६५ वर्षीया शान्तिदेवी ठाकुर गम्भीर घाइते भएको थियो।



ठाकुरलाई बयलवासमा सामान्य उपचारपश्चात थप उपचारका लागि वीरगन्जस्थित न्यूरो अस्पताल लगिएकोमा उपचारकै क्रममा सोही दिन बेलुकापख मृत्यु भएको थियो।

दुर्घटना भएको दुई महिना बढी भइसक्दा पनि कानून बमोजिम पाउनुपर्ने क्षतिपूर्ति रकम पाउन नसकेको मृतक शान्तिदेवीका कान्छो छोरा सञ्जित शर्माले गुनासो गर्नुभयो। मृतकको परिवारले शनिबार पत्रकार सम्मेलन गरी क्षतिपूर्ति रकम नपाएको गुनासो गरेकी छिन्।

दुर्घटनापछि पक्राउ परेका मोटरसाइकल चालक चन्द्रनगर गाउँपालिका -३, बर्कुरवाका २० वर्षीय बिशाल महतो सर्लाही जिल्ला अदालतको आदेशअनुसार एक लाख रुपियाँ धरौटी बुझाएर रिहा भइसकेका छन्। मृतकको परिवारले मोटरसाइकल चालकको सवारी चालक अनुमतिपत्र नहुँदासमेत प्रहरीले सामान्य ढङ्गले मुद्दाअघि बढाएर उनलाई रिहा गरेको आरोप लगाएका छन्।

प्रहरीले घटनास्थलमा उठाएको मुचुल्का र पछि अदालतमा मुद्दा पेस गर्दा विवरण नै बढेको दावी गर्दै यस्तो कार्यमा संलग्न प्रहरीलाई कारवाही हुनुपर्ने मृतक शान्तिदेवीका छोरा सन्जितले पत्रकार सम्मेलनमार्फत माग गरेका छन्।

प्रहरीले भने मृतकको परिवारले पाउने क्षतिपूर्ति रकम बापतको पाँच लाख रुपियाँ र किरिया खर्चबापत प्राप्त गर्ने ५० हजार रुपियाँ जिल्ला प्रशासन कार्यालयमा गएर लिन सक्ने बताएको छ। इलाका प्रहरी कार्यालय केशरगन्जका प्रहरी निरीक्षक (इन्स्पेक्टर) नितेशकुमार सिंहले ३५ दिन हिरासतमा बसेपछि अदालतको आदेश अनुसार अदालतमा एक लाख धरौटी बुझाएर छुटेका चालकले जिल्ला प्रशासन कार्यालयमा पाँच लाख ५० हजार रुपियाँ धरौटी राखेकाले सो रकम मृतकको परिवारले नै प्राप्त गर्ने बताए।

उनले मृतकको परिवारलाई क्षतिपूर्ति रकम लिन कसैको प्रभावमा परेर यताउता जानुभन्दा आवश्यक कागजात लिएर सोझै जिल्ला प्रशासन कार्यालयमा जान आग्रह गरेका छन्।

# संघको सचिवमा ढकाल

**टुडे समाचारदाता**

जनकपुरधाम। ''अस्पताल विकाश समिति कर्मचारी युनियन, ट्रेड युनियन संघको सचिवमा मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पतालका प्रेमा ढकाल मधेश प्रदेशबाट निर्वाचित भएको छ। संघको चैत २०, २१ र २२ गते चितवनको भरतपुरमा समपन्न चौथो राष्ट्रय महाधिवेशनबाट गठित नयाँ कार्यसमितिको सचिवमा ढकाल निर्वाचित भएको हो। संघको केन्द्रिय अध्यक्ष पदमा कोशी अस्पतालका नवराज लुईटेल, महासचिवमा भरतपुर अस्पतालका शिव प्रसाद बशेल निर्वाचित भएको हो।




लुइटेल २०७४ को कार्य समितिमा महासचिवको जिम्मेवारी सम्हालिसकेका छन्। यस्तै केन्द्रिय सदस्यमा डा. धिरेन्द्र साह लगायत सर्वसम्मती द्वारा निर्वाचित भएको छ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८